# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

औपचारिक शिक्षालाई आजको युगमा मानव जीवनको मौलिक अधिकारको रुपमा लिइएको छ । हरेक व्यक्तिलाई खान, लगाउन र वस्नलाई चाहिने आधारभून आवश्यकतासँगै औपचारिक शिक्षा प्राप्त गर्न पनि हाल आएर आधारभूत आवश्यकतको रुपमा राखिएको छ । सन् १९४८ मा विश्वव्यापी मानव अधिकार घोषणा गरेपश्चात शिक्षालाई मानवीय जीवनको आधारभूत मौलिक अधिकारको रुपमा स्थापित गरियो । समयको परिवर्तनसँगै हरेक मानिसलाई शिक्षामा समान अधिकार दिलाउनु पर्छ भन्ने मान्यता अघि आएअनुसार सवै पक्षवाट समता सहितको गुणस्तरीय शिक्षाको माग अगाडि वढाउन थालिएको छ । गुणस्तरीय शिक्षा प्राप्त गर्नका लागि शिक्षाको समग्र पक्षको व्यवस्थापन राम्रो हुनु जरुरी हुन्छ । मानव सभ्यताको शुरुवातसँगै सिकाई व्यवस्थापनको पनि शुरुवात भएको पाइन्छ । व्यवस्थापनको अवधारणा इजिप्ट र रोमन सभ्यतावाट विकसित भएको भएता पनि औद्योगिक क्रान्ति पश्चात मात्र औपचारिक व्यवस्थापनको प्रक्रिया सुरुभएको मानिन्छ (काफ्ले र पौडेल, २०६४) ।

विद्यालयको व्यवस्थापकीय कुशलता अभिवृद्धि गरी उपलव्ध स्रोत साधनहरूको सर्वोत्तम परिचालन गरेर उत्तम प्रतिफल सुनिश्चित गर्नुपर्ने यथार्थ आजको सवैभन्दा ठूलो चासोको विषय हो । यसका लागि विद्यालय आफैं प्रयत्नशील हुनुपर्दछ । विद्यालय आफैंले सुधार नगरेसम्म केन्द्रीय तहवाट गरिएका सुधारका प्रयासहरूले खासै प्रतिफल दिन सक्दैन । सुधारिएका विद्यालय कस्ता हुन्छन् भनेर सोच्नु आजको आवश्यकता हो । सुधारिएका विद्यालयवाट स्पष्ट दृष्टिकोण, उद्देश्य प्रतिको स्पष्टता, रणनीतिहरू, जिम्मेवारी, कार्यक्षेत्रको विभाजन, सरोकारवालाहरूको सहभागिता, स्तर निर्धारण र स्रोत साधनको परिचालन जस्ता विशेषताहरू हुनुपर्दछ (शिक्षा विभाग, २०६१) ।

शिक्षक सिकाई क्रियाकलाप प्रभावकारी रुपमा संचालन गर्न भौतिक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाका लक्ष्य र उद्धेश्यहरू पूरा गर्नमा बिभिन्न पक्षको महत्वपूर्ण स्थान रहेको हुन्छ । त्यसमा सवै कुराको उपलब्धि भैसकेपनि कार्यन्वयन गर्ने तथा

शिक्षण सिकाइ विद्यार्थीहरूमा हस्तान्तरण गर्ने साधन भनेको भौतिक व्यवस्थापन हो । भौतिक साधनको व्यवस्थापनको व्यवस्थित र सम्पन्न भएको खण्डमा विद्यार्थीहरूको रुचि सिकाई प्रति सकारात्मक हुन सहयोग पुग्न जान्छ । यसरी व्यवस्थित रुपले भौतिक साधनको व्यवस्थापन गर्न र त्यसमा प्रभावकारी रुपमा शिक्षण सिकाई सम्पन गर्न सकेको खण्डमा विद्यालयले आफ्नो लक्ष्य हासिल गर्न सफल हुन सक्दछ । यसर्थ सिकाइका लागि विद्यालय भवनको अवस्थ, कक्षाकोठा, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला खेल मैदान, कम्पाउण्ड पर्खाल, खानेपानी, फर्निचर, विजुलीको व्यवस्था, कक्षाकोठाको कालोपाटी, कक्षाकोठाको वातावरण र शिक्षण सामग्रीको व्यवस्थापनले सिकाई प्रक्रियामा प्रभाव पार्न सक्दछ । यस्ता भौतिक साधनको व्यवस्थित भए सिकाइमा सकारात्मक प्रभाव पर्दछ भने व्यवस्थित नभएमा सिकाइमा नकारात्मक प्रभाव पर्दछ जसले गर्दा सिकाइ उपलब्धि प्रभावित हुने गर्दछ ।

शैक्षिक व्यवस्थापनलाई योजना, संगठन, कर्मचारी व्यवस्था, निर्देशन समन्वय, रिपोटिङ बजेट व्यवस्थापनको संयुक्त कार्य प्रक्रियाका रुपमा लिन सकिन्छ । अर्थात मानवीय शक्ति भौतिक वस्तु पूँजीको परिचालनका रुपमा लिन सकिन्छ । विद्यालयले विद्यार्थीलाई सजिलो गरी रुचिपूर्ण तरिकाले सफा र स्वच्छ वातावरणमा अध्यापन गराउन भौतिक अवस्थाको उचित व्यवस्था मिलाउनुपर्छ । विद्यालयको भौतिक व्यवस्था भन्नाले भवन, कक्षाकोठाको व्यवस्था, विद्यार्थी संस्ख्या अनुसार डेक्स-वेन्च, कालो पाटी, खानेपानी शौचालय, खेलमैदान, पुस्तकालय, छात्रवास, चमेनागृह आदि पर्दछन्  (अधिकारी, २०६६) ।

सामुदायिक सशक्तिकरणवाट विद्यालयको भौतिक अवस्था शैक्षिक प्रक्रिया र विद्यालय सरोकारवाला बीच सम्बन्धमा सुधार गरी विद्यालय सँगै रहेको भवन र जग्गा जमिनको सदुपयोग गर्दै यसलाई आकर्षक बनाउनुका साथै उपयुक्त पाठ्यसामग्री तयार गरी अध्ययन अध्यापन अगाडि बढाउदै शैक्षिक रुपान्तर गर्नेछ, विद्यालयको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा समुदायको निर्णायक भूमिका सुनिश्चित गरी विद्यालयका काम कारबाहीमा जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नेछ । राष्ट्रिय पाठ्यक्रम प्रारुप भित्र विद्यालयले समुदाय र बालबालिकाको आवश्यकता अनुरुप स्थानीय पाठ्यक्रम एवं पाठ्य सामाग्री तयार गरी अध्ययन अध्यापन अगाडि बढाउदै शैक्षिक रुपान्तर गर्नेछ भन्ने

उद्देश्यका साथ विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण कार्य अगाडि वढाएको छ (नेपाल, २०६४) ।

नेपालको वर्तमान अवस्थामा प्राथमिक विद्यालयहरूमा शैक्षिक गुणस्तर उकास्नका लागि विद्यालयमा भौतिक व्यवस्थापन उपयुक्त हुनु आवश्यक छ । नेपाल सरकारको अनुदानवाट संचालित विद्यालयहरूमा आधारभूत रुपमा भौतिक व्यवस्था सम्पन्न छ वा छैन शिक्षाका उद्धेश्यहरू पुरा हुन सकेको छ या छैन भन्ने वारे त्यसमा अध्ययन गर्ने प्रयास गरिने छ । कुनै पनि प्रकारको व्यवस्थापन कार्य गर्दा समस्याको वैज्ञानिक ढंगले समाधान खोजिएमा संस्थाको लक्ष्य सहज ढंगले प्राप्त गर्न सकिन्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले भौतिक स्रोतको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने कुरालाई उजागर गर्न सहयोग गर्दछ ।

## १.२ समस्याको कथन

प्राथमिक तहको विद्यालय शिक्षाका लागि सरकारी तथा गैह्र सरकारी क्षेत्रवाट प्रसस्तै लगानी गरिएको छ । शिक्षा क्षेत्रमा छुट्याइएको कूल वजेटको आधा भन्दा वढी प्राथमिक तहको शिक्षामा नै खर्च हुनेगरेको तथ्याङ्क छ । यसरी खर्च प्रसस्तै गरिएपनि शैक्षिक उपलव्धिमा सुधार आउन सकिरहेको छैन । विद्यालयको शैक्षिक, आर्थिक तथा भौतिक व्यवस्थापनका लागि सरोकारवालहरूलाई प्रत्यक्ष रुपमा सहभागी गराई सवैको प्रयास र प्रयत्नवाट गर्न सकेमा विद्यालयको समग्र पक्षको व्यवस्थापन राम्रो हुन्छ । यसरी सवै सरोकारवालाहरूको सहभागितामा विद्यालयको व्यवस्थापन गर्न सकेमा विद्यालयको भौतिक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

शिक्षा क्षेत्रमा गरिएको प्रसस्तै लगानीवाट प्रतिफल राम्रो नआइरहेको सन्दर्भमा भौतिक अवस्थाले कसरी विद्यार्थीहरूको सिकाइ उपलव्धिमा प्रभाव पारेको छ भन्नेवारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । विद्यालय सञ्चालनको पहिलो सर्तको रुपमा रहेको भौतिक पूर्वाधारको विकास नगरेसम्म शैक्षिक पक्षको विकाश राम्रोसँग हुन नसक्ने अवस्था पाइन्छ । त्यसैले हाल सञ्चालनमा रहेका प्राथमिक विद्यालयहरूको भौतिक स्रोत व्यवस्थापनको वर्तमान अवस्था कस्तो रहेको छ ? के कस्ता भौतिक पूर्वाधारहरूको अत्यन्तै आवश्यकता परेको छ ? के कारणले पर्याप्त मात्रामा भौतिक स्रोतसाधनको व्यवस्था गर्न नसकिएको

हो ? भौतिक पूर्वाधारको व्यवस्थापनले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ? विद्यालयको भौतिक व्यवस्थापन गर्दा कस्ता प्रकारका समस्या तथा चुनौतिहरूको सामना गर्नु परिरहेको छ भन्ने जस्ता समस्याहरूमा केन्द्रीत भएर अनुसन्धान गर्ने उद्देश्यका साथ प्राथमिक तहको भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षक छनौट गरी अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

अध्ययन अध्यापन कार्यलाई सुचारु रुपले सञ्चालन गर्नका लागि भौतिक स्रोतसाधनहरूको व्यवस्थापन प्रभावकारी रुपमा गर्नुपर्दछ । विद्यालयको भवन कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी लगायतका पूर्वाधार विना शिक्षण प्रभावकारी हुन सक्दैन । प्रभावकारी शिक्षण विना विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सुधार आउन सक्दैन । त्यसैले सिकाइ उपलब्धिमा सुधार गर्नका लागि पर्याप्त भौतिक पूर्वाधारको विकास गर्नु जरुरी छ । यस अध्ययनले यस क्षेत्रका प्राथमिक विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्थाको वारेमा जानकारी प्रदान गर्छ ।

विद्यालयको भौतिक स्रोतसाधनको व्यवस्थापनका वारेमा सरोकारवालाहरूलाई जानकारी गराउनुका साथै भौतिक व्यवस्थापन गर्न बिभिन्न समयमा निर्माण गरिएका योजनाहरूको कार्यान्वयनको अवस्था समेत अध्ययन गरी ती योजनाहरू प्रभावकारी रुपमा कार्यान्वयन नहुनुका पछाडि कस्ता समस्या तथा चुनौतिहरू रहेका छन् । ती योजनाहरू कार्यान्वय नहुनमा कुन कुन पक्षहरू जिम्मेवार छन् भन्ने जानकारी गराउदै आगामी दिनमा निर्माण गरिने भौतिक व्यवस्थापनसँग सम्वन्धित योजनाहरू कार्यान्वयन गर्दा अघिल्ला कार्यक्रमहरूवाट पृष्ठपोषण लिई सचेतताका साथ योजना निर्माण तथा कार्यान्वयन गर्न यस अध्ययनले सहयोग पुऱ्याउछ । विद्यालयको भौतिक व्यवस्थापनले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्दो रहेछ भन्ने वारेमा शिक्षक अभिभावक लगायतका सरोकारवालाहरूलाई जानकारी गराई सवैलाई भौतिक व्यवस्थापनमा जुट्न उत्प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ । भौतिक व्यवस्थापन गर्दा आइपर्ने जटिलताका वारेमा सवैपक्षलाई

जानकारी गराउदै सो समस्याहरू समाधान गर्ने उपायहरू समेत प्रष्ट्याउने भएकाले विद्यालय व्यवस्थापन समितिलाई योजना वनाई कार्यान्वयन गर्न मार्गनिर्देशन प्रदान गर्दछ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) विद्यालयको भौतिक स्रोत साधनको अवस्था लेखाजोखा गर्ने ।

ख) भौतिक स्रोत व्यवस्थापनले  सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने  ।

ग) भौतिक स्रोत व्यवस्थापनमा आइपरेका समस्याहरू पत्ता लगाउने ।

घ) भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरूको खोजी गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानलाई अगाडि वढाउनका लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरू तयार पारिएको छ । यी नै अनुसन्धानात्मक प्रश्नहरूको सेरोफेरोमा अध्ययन केन्द्रीत गरी सम्पन्न गरिएको छ ।

क) प्राथमिक तहमा भौतिक व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ?

ख) विद्यालयको भौतिक व्यवस्थापनले सिकाइ उपलब्धीमा कसरी प्रभाव पार्दछ ?

ग) भौतिक व्यवस्थपनका सम्वन्धमा लिएका रणनीतिहरू के-कस्ता रहेका छन् ?

घ) भौतिक स्रोत व्यवस्थापनका क्रममा कस्ता प्रकारका समस्या तथा चुनौतिहरू भोग्नु पर्दछ ?

ङ) विद्यालयको भौतिक व्यवस्थापनमा देखा परेका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

हरेक विषयको अध्ययन गर्ने क्रममा निश्चित सीमाहरूमा वाँधिनुपर्ने हुन्छ किनकी कुनैपनि विषयको सवैपक्षको अध्ययन एकै विषय, समय र क्षेत्रवाट सम्भव हुदैन । यो अध्ययन झापा

जिल्लाको तोपगाछी स्रोतकेन्द्र अन्तर्गतका पाँचवटा प्रा.वि.हरूमा केन्द्रीत रहेको छ। ती पाँचवटा प्राथमिक विद्यालयहरूको स्रोत व्यवस्थापनका बिभिन्न पक्षहरू मध्ये भौतिक स्रोत व्यवस्थपनमा मात्र सीमित रहेको छ। यस अध्ययनले यसै क्षेत्रका विद्यालयको भौतिक व्यवस्थापन गर्ने कार्यमा सहयोग पुऱ्याउछ तर यो अध्ययनको निष्कर्षलाई देशै भरीका लागि सामान्यीकरण गर्न भने सकिदैन।

## १.७ सम्वन्धित शब्दावलीहरूको परिभाषा

क) व्यवस्थापन : उद्देश्य हासिल गर्नको लागि आवश्यक पर्ने साधनहरूको संलग्न, समन्वय गर्ने तथा व्यवस्थित तरिकाले परिचालन गर्ने प्रक्रियालाई नै व्यवस्थापन भनिन्छ।

ख) प्रभाव : भौतिक व्यवस्थापन भएको र नभएको वीचको शैक्षिक उपलब्धीमा देखिएको भिन्नतालाई प्रभाव मानिएको छ।

ग) सिकाइ : पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका कुराहरूको वारेमा विद्यार्थीलाई जानकारी गराउनु वा ज्ञान दिनु सिकाइ हो।

घ) सामुदायिक विद्यालय : नेपाल सरकारको अनुदानवाट संचालित विद्यालय सामुदायिक विद्यालय हो।

# परिच्छेद दुई :

# सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनको शीर्षकसँग सम्वन्धित लेख, रचना शोधपत्र, अनुसन्धान प्रतिवेदन लगायतका सामग्रीहरूको पुनरावलोकन गरिएको छ । यसका साथै अध्ययनवाट प्राप्त भएको निष्कर्षको व्याख्या विश्लेषण गर्न एफ. डव्लु टेलर (१८५६) को वैज्ञानिक व्यवस्थापन सिद्धान्त र पि.एफ. डुकर ( १९५४) को उद्देश्यका आधारमा व्यवस्थापनको आधार लिइएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

थापा (२०६४) ले **माध्यमिक तहमा कक्षा कोठा व्यवस्थापनको अवस्था** शीर्षकमा गरिएको अनुसन्धानमा माध्यमिक तहको कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउने, कक्षा कोठा व्यवस्थापनले सिकाइ उपलव्धिमा पारेको प्रभावको पहिचान गर्ने लगायतका उद्देश्य राखिएको थियो । सो अध्ययनमा उहाँले माध्यमिक तहको अध्यापन गर्ने गरिएका कक्षा कोठहरूमा कालोपाटी उपयुक्त प्रकारका र उपयुक्त स्थानमा नभएको, कक्षा कोठाको आकार उपयुक्त भएको कम्पाउण्ड वाल राम्रो नभएको, कक्षा कोठामा पर्याप्त प्रकासको व्यवस्था नभएको लगायतको अवस्था पाइएको कुरा उल्लेख गर्नुभएको छ । यसका साथै कक्षाकोठा व्यवस्थापन उत्तम रहेको विद्यालयले एस.एल.सी. परिक्षामा ५० देखि १०० प्रतिशत सम्म उर्त्तिण गराएको, मध्यम रहेका विद्यालयले १६ देखि ५० प्रतिशत र कमजोर कक्षाकोठा व्यवस्थापन भएका विद्यालयहरूले न्युन मात्र विद्यार्थीहरूलाई उत्तिर्ण गराउन सफल भएको अवस्था पाइएको कुरा उल्लेख छ । उहाँले आफ्नो अध्ययनको निष्कर्षमा अधिकाशं विद्यालयहरूले कक्षा कोठाको व्यवस्थापन राम्रोसँग गर्न नसकेको र कक्षाकोठाको उचित व्यवस्थापनको अभावमा विद्यार्थीहरूको शैक्षिक उपलव्धिमा समेत असर पुगिरहेको कुरा उल्लेख गर्नुभएको छ (थापा, २०६४) ।

भट्टराई (२०६५) ले **विद्यालयको स्रोत व्यवस्थापन सम्वन्धी अध्ययन**मा स्याङ्जा जिल्लाको धुम पोखरा गा. वि. स. भित्रका २ वटा प्राथमिक विद्यालयहरूको स्रोत व्यवस्थापनका वारेमा

अध्ययन गरिएको थियो । सो अध्ययनमा विद्यालयको स्रोतहरूमध्ये मानवीय स्रोत व्यवस्थापन गर्न कठिन भएको कुरा उल्लेख गर्नुभएको छ । आर्थिक स्रोतको व्यवस्था भएमा भौतिक स्रोत व्यवस्थापन गर्न त्यति गाह्रो नहुने कुरा उल्लेख गर्नुभएको छ । उक्त अध्ययनमा समुदायमा हस्तान्तरित विद्यालयमा खानेपानी कक्षा कोठा र खेल मैदानको समस्या रहेको र सो समस्याहरूको समाधान गर्न सम्वन्धित पक्षहरूले खासै चासो नदिएको पाइएको कुरा उल्लेख गरिएको छ (भट्टराई, २०६५) ।

पाठक (२०६५) का अनुसार विद्यालयको कमजोर आर्थिक तथा भौतिक अवस्थाले सिकाई व्यवस्थापनमा प्रधानाध्यापकलाई कठिनाई भएको देखिएको छ । विद्यालयको भौतिक अवस्था कमजोर भएको साथै  कक्षा कोठाको आकार अनुपयुक्त भएको कारण शिक्षकले आवश्यक शिक्षण विधि तथा शैक्षिक सामाग्रीको प्रयोग गर्न नसकेको पाइएको छ । त्यसका परिणाम स्वरुप विद्यार्थीहरूले सहजरुपमा आफ्नो अध्ययन कार्यलाई अगाडि वढाउन नसकेको अवस्था पाइएको कुरा उल्लेख गर्नुभएको छ ।

नेपाल (२०६६) ले **प्राथमिक तहमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापन** शीर्षकमा गर्नु भएको अनुसन्धानमा मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापन सम्वन्धि सरोकारवालाहरूको धारण पहिचान गर्ने, मानवीय तथा भौतिक स्रोत व्यवस्थापनकाम समस्या तथा चुनौतिहरू पत्ता लगाउने रहेका छन् । उहाँले आफ्नो अध्ययनमा प्राथमिक तहमा अध्यापन गर्ने ७७ प्रतिशत शिक्षकहरूमात्र पूर्ण तालिम प्राप्त रहेको, ४६ प्रतिशत शिक्षकहरू अस्थायी रुपमा राखिएको, कर्मचारीको पर्याप्त मात्रामा व्यवस्थापन गर्न नसकिएको, अध्ययन गरिएका विद्यालयहरू मध्ये १७ प्रतिशतमा विद्यालय व्यवस्थापन समितिको गठन हुन नसकेको, ५० प्रतिशत विद्यालयमा खानेपानी र फर्निचरको पर्याप्त व्यवस्था नभएको कुरा उल्लेख गर्नुभएको छ । विद्यालयको व्यवस्थापन प्रति आधाजसो अभिभावकहरूमात्र सन्तुष्ट रहेको, शिक्षक तथा कर्मचारीहरू अस्थायी रुपमा नियुक्त गर्दा उनीहरूको उत्प्रेरणामा प्रभाव पारेको निष्कर्ष निकालिएको छ (नेपाल, २०६६) ।

खनाल (२०६५) ले **समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यालयहरूको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्षको तुलनात्मक अध्ययन** शीर्षकमा गरिएको अध्ययनका अनुसार समुदायमा हस्तान्तरण भएका विद्यालय र नभएका विद्यालयहरूको

आन्तरिक दक्षता, व्यवस्थापकिय पक्ष र विद्यालयसँग सम्बन्धित अन्य पक्षहरूमा स्पष्ट अन्तर देखा परेको उल्लेख छ । यी सबै पक्षमा समुदायमा हस्तान्तरण भएका विद्यालयहरू सबल देखिएको तथापि सम्पूर्ण सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण भएका छैनन् भनिएको छ । यसको कारण सरकारले लक्ष्य राखे जति विद्यालयहरू निर्धारित समयावधिमा हस्तान्तरण हुन नसक्नु हो । फेरी अर्को तर्फ आर्थिक र प्रावधिक सहयोग पनि उपलब्ध गराउदै जाने ऐन, नियममै स्पष्ट व्यवस्था गरिएको सन्दर्भमा किन सबै सामुदायिक विद्यालयहरू समुदायमा हतान्तरण हुन चाहदैनन् भन्ने विषयमा थप अध्ययन अनुसन्धान गर्न आवश्यक छ भनी देखाइएको छ (खनाल, २०६५) ।

शिक्षा विभाग (२०६६) का अनुसार नेपालका करिव २५००० सामुदायिक विद्यालयहरू मध्ये अधिकांश विद्यालयहरूको स्थिति व्यवस्थापकीय दृष्टिकोणले अझै कमजोर अवस्थामा रहेका छन् । विद्यालय सबैको साझा संस्था हो तर यो भावना स्वयं समुदायले आत्मसाथ गर्न सकेका छैनन्. । जुन स्थानमा विद्यालय रहेका छन त्यस समुदायका सरोकारवाला र अभिभावकहरूले अझै पनि विद्यालयलाई आफ्नो स्वामित्वको साझा सम्पत्ति हो भन्ने अनुभव गर्न नसकिरहेको अवस्था उल्लेख छ । त्यसैले व्यवस्थापन हस्तान्तरण कार्यक्रमबाट अभिभावकहरूमा विद्यालयप्रतिको अपनत्वको भावना जागृत भै विद्यालयहरू अपेक्षित रुपमा सुधारोन्मूख तर्फ गइरहेका छन् भनिएकोछ ( शिक्षा विभाग, २०६६) ।

राष्ट्रभाषा, संस्कृति, साहित्य र कलाको विकास संरक्षण, सम्वर्धन र प्रचार गर्ने रा. शि. प. यो. ले विद्यालयको व्यवस्थापनको सम्वन्धमा बिभिन्न कुराहरू उल्लेख गरेको छ । विद्यालयका लागि भौतिक साधनहरू उपयुक्त भवन, फर्निचर, खेलकुदको मैदान, पुस्तकालय, छात्रावास आदि विद्यालयका लागि नभैनहुने न्यूनतम साधनहरूको सर्त तोक्ने व्यवस्था गर्ने नियम हुनुपर्दछ ।

यसरी बिभिन्न लेखरचना, शोधपत्र तथा अनुसन्धान प्रतिवेदनहरूको पुनरावलोकन गर्दा विद्यालयको स्रोतको व्यवस्थापन राम्रोसँग हुन नसकेको अवस्था पाइयो । त्यसमा पनि मानवीय स्रोत व्यवस्थापन पर्याप्त मात्रामा नहुदा शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव परेको अवस्था पाइयो । जसका कारण विद्यार्थीहरूको सिकाइ उपलव्धिमा नकारात्मक प्रभाव परेको छ ।

त्यसैगरी देशका बिभिन्न जिल्लाहरूमा गरिएको अनुसन्धान प्रतिवेदनमा विद्यालयको भौतिक स्रोतको व्यवस्थापनमा समेत समस्या रहेको पाइएकाले यस क्षेत्रमा भौतिक स्रोत व्यवस्थापनको अवस्थाका वारे जानकारी हासिल गर्न, यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ भन्ने जानकारी लिन तथा भौतिक व्यवस्थापनका क्रममा आइपरेका समस्याहरूको पहिचान गरी समाधानमा समेत सघाउ पुग्ने अपेक्षाका साथ यो अध्ययन पुरा गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनको सैद्धान्तिक खाका तथा अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकनलाई उल्लेख गरिएको छ । अध्ययनलाई वस्तुगत वनाउनका निमित्त  एफ. डब्लु टेलर (१८५६-१९१५) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र पिटर डुकर (१९५४) को उद्देश्यका आधारमा व्यवस्थापनलाई उल्लेख गरिएको छ ।

टेलर (१८५६) को **वैज्ञानिक व्यवस्थापनको सिद्धान्तका** अनुसार जथाभावी रुपमा परम्परागत नियम र  शैलीमा आधारित भएर काम गर्नुको सट्टा व्यवस्थीत तर्कपूर्ण र न्यायोचित तवरले काम गर्ने वैज्ञानिक परिपाटीको थालनी गर्नुपर्छ । संघसस्था तथा संगठनमा काम गर्ने सवैतहका कर्मचारीहरू वीचमा मनमुटावको सट्टा एक आपसमा समझदारी र सहिष्णुता कायम गरी कामगर्ने गरेमा अत्यधिक प्रतिफल प्राप्त हुनुका साथै समयमै काम सम्पन्न गर्न सकिन्छ । वैज्ञानिक व्यवस्थापनले सीमित उत्पादन गर्ने शैलीको सट्टा वढी उत्पादन गर्ने कुरामा विश्वास गर्दछ । कामलाई ठीक रुपमा सुसम्पन्न गर्नका लागि कामको स्पष्ट वाँडफाड, कामको गतिको अध्ययन गर्नु पर्दछ । अन्धाधुन्दरुपमा कामगर्ने पुरानो परिपाटीको ठाउँमा योजनावद्ध र व्यवस्थित ढङ्गले काम गर्ने परिपाटीको शुरुवाद गरिनु पर्दछ (काफ्ले र पौडेल, २०६४ वाट उदृत) ।

विद्यालयको भौतिक व्यवस्थापन गर्नका लागि वैज्ञानिक व्यवस्थापन सिद्धान्त उपयोगी हुनसक्छ । अतिआवश्यक कुराहरूको पहिचान गरी तिनीहरूको व्यवस्थापन गर्न सवै सरोकारवालाहरू एकजुट भई कामको वाडफाड गरी आ-आफ्नो जिम्मेवारी पुरागरेमा भौतिक व्यवस्थापन गर्न सकिन्छ ।

ड्रुकर ( १९५४) को **उद्देश्यका आधारमा व्यवस्थापनका** अनुसार उद्देश्यहरू निर्धारण गरी त्यसैको आधारमा व्यवस्थापन गर्नु पर्दछ। उद्देश्यका आधारमा व्यवस्थापन भन्नाले कुनै संस्थामा कार्यरत प्रवन्धक र अधिनस्त कर्मचारी मिली उद्देश्य प्राप्ती गर्नका लागि बिभिन्न क्रियाकलापको निर्धारण तथा उपलब्ध संसाधनको प्रभावकारी उपयोग गरी उद्देश्य प्राप्तीका लागि ती क्रियाकलाप र मानवीय संसाधनलाई प्रभावकारी रुपमा संचालन गर्ने गरिन्छ। उद्देश्य द्वारा व्यवस्थापन प्रक्रिया अनुरुप कार्य पुरागर्न बिभिन्न चरणहरू पारगर्नु पर्दछ। सर्वप्रथम लक्ष्यको निर्धारण गर्नु पर्दछ। त्यसरी निर्धारण गरिएका लक्ष्यहरू अल्पकालीन र दीर्घकालिन गरी विभाजन गर्नु पर्दछ। त्यसपछि ती लक्ष्यहरू प्राप्तीका लागि विस्तृत कार्ययोजना तर्जुमा गर्नु पर्दछ। त्यसपछि योजना कार्यान्वयनमा स्वमूल्याङ्कन र सुधारात्मक कार्य गर्नु पर्दछ। अन्त्यमा सामुहिक समिक्षा गर्ने र उद्देश्यहरू पुरा गर्नका लागि पृष्ठपोषण लिनु पर्दछ। यसमा साधन र स्रोतको अधिकतम उपयोग गर्न प्रमुखका अतिरिक्त अधिनस्थ व्यक्तिहरूको काम, कर्तव्य, अधिकार, भूमिका र दायित्व स्पष्ट पार्नेकाम गर्नु पर्दछ (काफ्ले र पौडेल, २०६४ वाट उदृत)।

भौतिक पूर्वाधार विद्यालय संचालनको पहिलो आधारभूत कुरा हो। विद्यालयको भौतिक व्यवस्थापन गर्दा उद्देश्य द्वारा व्यवस्थापन प्रक्रिया अपनाउनु आवश्यक छ। सर्व प्रथम भौतिक व्यवस्थापन गर्न अल्पकालीन र दीर्घकालिन उद्देश्यहरूको तर्जुमा गर्नु पर्दछ। ती उद्देश्यहरूको कार्यान्वयनका निम्ति विस्तृत कार्य योजना तयारपार्नु जरुरी हुन्छ। भौतिक साधनहरू मध्ये कुन चाँहि अत्यन्तै जरुरी छ कुन छिटै पुरागर्न सकिन्छ र कुन चाहिँ दीर्घकालिन रुपमा पुरागर्नु पर्ने हो सोको निर्धारण गर्नु पर्दछ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न प्रयोग गरिएका सिद्धान्तले विद्यालयको भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने कार्यका वारेमा व्याख्या गर्न सहयोग गरेको छ। प्रस्तुत सैद्धान्तिक खाका एवम् सम्वन्धित साहित्यको पुनरावलोकनवाट अहिलेसम्म यस विषयसँग सम्वन्धित भई स्थापित भएका सिद्धान्तहरू र सिद्धान्तले वनाएका मूलभूत पक्षहरूको अध्ययन गरी सोही अनुसार विद्यालय व्यवस्थापन गर्न सकिन्छ। सम्वन्धित साहित्यको

पुनरावलोकनवाट प्राथमिक तहमा भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभावका उपलब्धि, सवल एवम् कमजोर पक्षहरू, अवसरहरू र चुनौतिहरू लगायतका कुराहरू केहि जानकारी गराई यस क्षेत्रमा थप नयाँ खोजीगर्ने आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुगेको छ । कुनै पनि भौतिक व्यवस्थापन कार्यक्रमको प्रभावकारिता र त्यसको कार्यान्वयन सम्वन्धि योजना, व्यवस्थापन र कार्यान्वयनसँग सम्वन्धित पक्षहरूमा दिशानिर्देश प्रदान गर्न सम्वद्ध सवैलाई महत्वपूर्ण आधार प्रदान गर्नेछ।

यस शोध अध्ययनका क्रममा प्राथमिक विद्यालयको भौतिक स्रोत व्यवस्थापन गर्न सरोकारवालहरूको पहल तथा सहयोगको समेत विश्लेषण गरिएकाले सवैलाई आ-आफ्नो जिम्मेवारीमा लाग्न प्रेराणा प्रदान गर्नेछ। विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्र.अ. तथा अभिभावकहरूलाई विद्यालयको पूर्वाधार निर्माणका क्रममा आवश्यक स्रोतसाधनहरूको पहिचान गर्न मद्धत पुऱ्याउँछ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा यो शोध अध्ययन कस्तो ढाँचाको हो, अध्ययनको जनसङ्ख्यामा को को पर्छन्, कुन विधिको प्रयोग गरी नमुना जनसङ्ख्या छनौट गरियो, तथ्याङ्क सङ्कलन गर्न कुन कुन विधि तथा साधनको प्रयोग गरियो, तथ्याङ्क सङ्कलन कसरी गरियो, तथ्याङ्कका स्रोतहरू के-के थिए, तथ्याङ्कको विश्लेषण कसरी गरियो भन्ने कुरा उल्लेख गरिएको छ । यो परिच्छेदले शोध अध्ययन कसरी सम्पन्न गरियो भन्ने प्रश्नको सम्बोधन गरेको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पदर्छ । अनुसन्धानका लागि तयार पारिने बृहत योजना नै अनुसन्धानको ढाँचा हो । यो अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवैको मिश्रित अनुसन्धान ढाँचा अपनाइएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, अभिलेख, दस्तावेज जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त साङ्ख्यिक र असाङ्ख्यिक तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुग्न यस अध्ययनमा मिश्रित अनुसन्धान ढाँचा अपनाइएको हो ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोध अध्ययनकार्य पुरा गर्नका लागि आवश्यक पर्ने जनसंख्या, सो जनसंख्यावाट छनौट गरिएको नमुनाको आकार, ती नमुनाहरू छनौट गर्न अपानाइएको विधि तथा नमुना छनौटका आधार वारे उल्लेख गरिएको छ ।

### ३.२.१ अध्ययनको जनसङ्ख्या

अनुसन्धानकर्ताको रुचि अनुसारका एकै किसिमका विशेषताहरू मिल्ने व्यक्तिहरूको समूहलाई अध्ययनको जनसङ्ख्या भनिन्छ । यो शोध अध्ययन कार्यलाई पूरा गर्न झापा जिल्लामा रहेका १७ वटा स्रोतकेन्द्र मध्ये श्री तोपगाछी स्रोतकेन्द्र र यस अन्तर्गतका २७ वटा सामुदायिक विद्यालयहरू, उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति, तथा विद्यालयका

प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्राथमिक तहका विद्यार्थीहरू यस अध्ययनको जनसङ्ख्या रहेका छन ।

### ३.२.२ नमुनाको आकार

सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गरी जनसङ्ख्याबाट झिकिएको प्रतिनिधिमूलक अंश नमुना हो । अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा रहेको सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव भएको अवस्थामा अध्ययनलाई पूरा गर्न निश्चित नियमको आधारमा प्रतिनिधि जनसङ्ख्याको नमुना लिनु आवश्यक हुन्छ । यस अध्ययनमा झापा जिल्लामा रहेका स्रोतकेन्द्र मध्येबाट एउटा तोपगाछी स्रोतकेन्द्र, सो स्रोतकेन्द्र अन्तर्गत सामुदायिक विद्यालय मध्येबाट ५ वटा प्राथमिक विद्यालयहरू, सो विद्यालयका प्रधानाध्यापक ५ जना, नमुना छनौटमा परेका हरेक विद्यालयवाट २ जनाका दरले शिक्षक १० जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू ५ जना, र प्रत्येक विद्यालयवाट २ जनाका दरले विद्यार्थीहरू १० जनालाई यस अध्ययनको जनसंख्याको रुपमा छनौट गरिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

सम्भावना रहित नमुना छनौट विधि अन्तर्गतको उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरी स्रोत केन्द्रका स्रोतव्यक्ति, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई छनौट गरिएको छ । अनुसन्धानकर्ताले आफ्नो विवेक प्रयोग गरी नमुना छनौट गर्ने विधि उद्देश्यमूलक नमुना छनौट विधि हो । सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरी छनौटमा परेको स्रोतकेन्द्र अन्तर्गत रहेका २७ वटा सामुदायिक विद्यालय मध्येबाट ५ वटा प्राथमिक विद्यालयलाई छनौट गरिएको छ । अनुसन्धानकर्ताले आफूलाई जुन नमुना छनौट गरी अनुसन्धान गर्न सजिलो ठान्छ र तिनै नमुना छनौट गर्छ भने त्यस्तो विधिलाई सुविधाजनक नमुना छनौट विधि भनिन्छ । यस्तो छनौटमा अनुसन्धानकर्ताका जानकारीमा रहेका निश्चित एकाइहरू मात्र छानिन सक्छन् । सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरि छनौटमा परेका विद्यालयबाट २/२ जनाका दरले १० जना शिक्षक र २/२ का दरले १० जना विद्यार्थीहरूलाई छनौट गरिएको छ । अध्ययनका लागि छनौट गरिने नमुना जनसङ्ख्याको छानिने सम्भावना बराबर रहेको अवस्थामा सामान्य संभावनायुक्त नमुना

छनौट विधि प्रयोग गरिन्छ । नमुना छनौटको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएकोछ ।

### ३.२.४ नमुना छनौटको आधार

अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति नमुनाको आवश्यकता पर्दछ । ती नमुना छनौट गर्दा बिभिन्नतालाई ध्यान पुऱ्याएर गर्नुपर्ने हुन्छ । यस अनुसन्धानमा विद्यालयहरूको छनौट गर्दा सुगमता र दुर्गमताका साथै विद्यालयको वाह्यरुपमा देखिने सम्पन्नता र विपन्नतालाई आधार मानिएको छ । त्यसैगरी सामाजिक साँस्कृतिक परिवेशलाई समेत आधार मानिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

यस अध्ययनमा पूर्व निर्धारित उद्देश्य पूरा गर्न  अवलोकन, अन्तर्वार्ता अनुसूची, प्रश्नावली जस्ता अनुसन्धानका साधनहरू प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनमा नमुना छनाेटमा परेका स्रोतव्यक्ति, विद्यालयका प्रधानाध्यापकवाट आवश्यक जानकारी लिनका लागि प्रश्नावली प्रयोग गरिएको छ । शिक्षकबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्नका लागि अन्तर्वार्ता अनुसूचि तयार गरिएको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न उनीहरूसँग छलफल गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता सूची

अन्तर्वार्ताका लागि तयार गरिएको लिखित प्रश्नहरूको सूचीलाई अन्तर्वार्ता अनुसूची भनिन्छ । जसलाई अन्तर्वार्ताकार स्वयम्ले उत्तरदाताको मुखामुख भएर सोध्ने र प्राप्त उत्तर टिप्ने गर्दछ । यस अध्ययनमा नमुना जनसङ्ख्या भित्रका  शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट आवश्यक सूचना लिन अन्तर्वार्ता अनुसूची तयार गरी तथ्याङ्क संकलन गरिएको छ  । उत्तरदातासामू मौखिक रुपमा प्रश्न सोधी प्राप्त उत्तरलाई टिपोट गरिएको थियो  । अन्तर्वार्ता सूचीलाई अनुसूची २ र ३ मा समावेश गरिएको छ ।

### ३.३.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक सूचनासंकलन गर्ने विधि मध्ये प्रश्नावली एक प्रमुख विधि हो । प्रश्नावली विधिमा पूर्वनिर्धारित प्रश्नहरू उत्तरदातासामु हुलाक वा मानिसद्वारा पठाइन्छ र उत्तरदाताले प्राप्त प्रश्नावली भरेर विश्वासिलो र भरपर्दो माध्यमबाट फिर्ता पठाउने अपेक्षा गरिन्छ । यस अध्ययनमा स्रोतकेन्द्रका स्रोत व्यक्ति, नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापकलाई आवश्यक सूचना लिन प्रश्नावलीको प्रयोग गरिएको थियो । यस अध्ययनमा तयार गरिएका प्रश्नावली उत्तरदातासामू आफैंले भेटेर दिइयो । प्रश्नावलीलाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.३.३ दस्तावेज पुनरावलोकन

नमुना छनौटमा परेको विद्यालयबाट आवश्यक सूचना तथा जानकारी संकलन गर्न अभिलेख, विद्यालय सुधार योजना पुस्तिका आदिको पुनरावलोकन गरिएको छ । यी अभिलेखको पुनरावलोकनबाट विद्यालयको भौतिक व्यवस्थापनमा गरिएका प्रयासहरू, बिभिन्न योजनाहरूका वारेमा जानकारी हासिल भएको छ । यसका अतिरिक्त ऐन, नियम तथा बिभिन्न परियोजनाका रिपोर्ट, लेखरचना, अध्ययन प्रतिवेदन आदिको समेत अध्ययन गरी सूचना सङ्कलन गरिएको छ ।

### ३.३.४ अवलोकन फारम

कुनै विषयवस्तु वा घटनाको गहिरो र विश्लेषणात्मक अध्ययन गर्नु नै अवलोकन हो । यसले अनुसन्धानकर्तालाई प्रत्यक्षत सहभागी भएर घटना, समस्या वा कुनै विषयवस्तुको गहिराइसम्म पुगी त्यसको सही विश्लेषण गर्न सघाउँछ । अवलोकन नियन्त्रित र अनियन्त्रित दुवै परिस्थितिमा गर्न सकिन्छ । आवश्यकता र परिस्थिति अनुसार जुनसुकै प्रकारको अवलोकन गर्न सकिन्छ । यहाँ नमुना छनौटमा परेका विद्यालयहरूको भौतिक पुर्वाधारहरूको अवस्था, त्यसले विद्यार्थीको सिकाइमा पारेको प्रत्यक्ष र परोक्ष प्रभावको अवलोकन गरिएको छ ।शिक्षा नियमावली र शिक्षा ऐनले निर्दिष्ट गरे अनुसारका भौतिक पुर्वाधारहरूको व्यवस्था भए नभएको वारेमा अवलोकनका माध्यमले जानकारी लिइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोत

तथ्याङ्कको स्रोत भन्नाले तथ्याङ्क प्राप्त गर्ने ठाउँलाई वुझिन्छ। अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोत फरक फरक हुने गर्छ यस अध्ययनमा तपशील बमोजिमका स्रोतबाट तथ्याङ्क प्राप्त गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन्। प्रथमपटक अनुसन्धानकर्ताले संकलन गर्ने भएकाले तिनीहरूको ब्याख्या, विश्लेषण र टिप्पणी गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गर्छ। यस अध्ययनमा नमुना छनौटमा परेका स्रोतव्यक्ति, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन सतितिका पदाधिकारीसँग गरिएको अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकनबाट प्राथमिक तथ्याङ्क प्राप्त गरिएको छ। ती स्रोतलाई प्राथमिक स्रोत मानिएको छ।

### ३.४.२ सहायक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकाशित तथा संकलित तथ्याङ्कहरूलाई सहायक स्रोत भनिन्छ। यस अध्ययनमा विद्यालय सुधार योजना पुस्तिका, विद्यालय अभिलेख, बिभिन्न शोध, लेख रचना, आयोगका प्रतिवेदन, ऐन नियम आदिबाट प्राप्त तथ्याङ्कलाई सहायक तथ्याङ्क मानिएको छ।

## ३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यो अध्ययन मिश्रित प्रकारको अनुसन्धान भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमुना छनौटमा परेका जनसङ्ख्यासँग गरिएको अन्तर्वार्ता, भराइएका प्रश्नावली अवलोकनवाट प्राप्त जानकारी अभिलेखवाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार बिभिन्न समूहमा वर्गीकरण गरिएको छ। उक्त समूह भित्र आएका मुख्य विषयलाई छुट्याएर तिनीहरूको वर्ग बनाई ब्याख्या र विश्लेषण गरिएको छ। यसरी वर्गीकृत गरिएका तथ्याङ्कलाई पूर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ। यसका अतिरिक्त सहायक स्रोतवाट प्राप्त भएका तथ्याङ्कहरूलाई बिभिन्न चार्ट तथा ग्राफका माध्यमवाट प्रष्ट्याउने प्रयास गरिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा नमुना छनौटमा परेका विद्यालयहरूको भौतिक स्रोत साधनको वर्तमान अवस्था, भौतिक स्रोतसाधनको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव, विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूका वारेमा चर्चा गरिएको छ। यसका अतिरिक्त भौतिक स्रोतसाधनको व्यवस्थापनमा देखापरेका समस्या तथा चुनौतिका वारेमा छलफल गरी ती समस्याहरूको समाधानको उपायहरूको वारेमा अध्ययन विश्लेषण गरिएको छ। विद्यालयका सरोकारवालाहरूसँग गरिएको छलफल, अन्तर्वार्ता, शिक्षक अभिभावक, प्र.अ.सँग गरिएको कुराकानी, प्रश्नावलीको उत्तरवाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरू-लाई अनुसन्धानको उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ।

## ४.१ विद्यालयहरूको भौतिक स्रोतसाधनको वर्तमान अवस्था

पर्याप्त भौतिक पुर्वाधारको विकास नभएसम्म शिक्षण सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिदैन। नमुना छनौटमा परेका विद्यालयहरूको भौतिक पुर्वाधारहरूको अध्ययन गर्ने क्रममा विद्यालय भवनको अवस्था, कक्षा कोठाको पर्याप्तता, फर्निचर, शौचालय, खेलमैदान चमेनागृह, शैक्षिक सामग्रीहरूको वारेमा निम्नानुसार चर्चा गरिएको छ।

### ४.१.१ विद्यालय भवन तथा कक्षाकोठाको अवस्था

नमुना छनौटमा परेका विद्यालयहरूको विद्यालय भवन र कक्षा कोठाको अवस्था निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १ : विद्यालय भवन र कक्षा कोठाको विवरण

| क.सं. | विद्यालयको नाम | भवन | | कक्षा कोठा | |
|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | कच्ची | पक्की |
| १ | सिंहदेवी प्रा.वि. | २ | १ | ५ | २ |
| २ | कञ्चनजंघा प्रा.वि. | - | ५ | - | १० |
| ३ | ज्योति प्रा. वि. | १ | २ | २ | ६ |
| ४ | शान्ती प्रा.वि. | ३ | - | ६ | - |
| ५ | नवदुर्गे प्रा.वि. | - | ४ | - | ८ |
| जम्मा | | ६ | १२ | १६ | २६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परेको सिंहदेवी प्रा.वि.मा २ वटा कच्ची र एउटा पक्की भवन रहेको पाइयो । सो विद्यालयमा ५ वटा कच्ची र २ वटा पक्की कक्षा कोठाहरू समेत रहेको पाइयो । कञ्चनजंघा प्रा.वि.को भवनको अवस्था निकै राम्रो रहेको पाइयो । त्यस विद्यालयमा एउटा २ कोठाको पक्की भवन निर्माणकार्य सम्पन्न हुन लागेको अवस्था छ  भने अन्य चारवटा पक्की भवनहरू हाल प्रयोगमा आइरहेको अवस्था पाइयो । त्यस विद्यालयमा जम्मा ५ वटा पक्की भवनहरू रहेको पाइयो । सो विद्यालयमा जम्मा १० वटा पक्की कक्षाकोठाहरू रहेको पाइयो । त्यस विद्यालयमा कच्ची भवन तथा कक्षाकोठाहरू नरहेको पाइयो । ज्याति प्रा.वि.मा जम्मा ३ वटा विद्यालय भवनहरू रहेकोमा २ वटा पक्की र १ वटा कच्ची भवन रहेको पाइयो । सो विद्यालयमा २ वटा कच्ची कक्षाकोठहरू र ६ वटा पक्की कक्षाकोठाहरू रहेको पाइयो । शान्ती प्रा.वि.मा रहेका जम्मा ४ वटा विद्यालय भवनहरू मध्ये सवै कच्ची रहेको पाइयो । सो विद्यालयमा जम्मा ८ वटा कक्षाकोठाहरू रहेको पाइयो । त्यसैगरी नवदुर्गे प्रा.वि.को पनि भवनको अवस्था राम्रो रहेको पाइयो । सो विद्यालयमा ४ वटा पक्की

भवनहरू रहेको पाइयो । सो विद्यालयमा जम्मा ८ वटा पक्की कक्षा कोठाहरू संचालित भइरहेको पाइयो ।

सवै विद्यालयका भवनको छाना टिनको भएकाले जाडो महिनाहरूमा ज्यादै चिसो र गर्मीमा ज्यादै तातो हुने जानकारी पाइयो । साथै पानी परेका वेला टिनवाट ठूलो आवाज आउने हुनाले अध्यापन कार्यमा वाधा उत्पन्न हुने गरेको पाइयो । यसका अतिरिक्ति कच्ची विद्यालय भवन भएका विद्यालयमा वर्षातको समयमा पानी कक्षा भित्र समेत पस्ने हुनाले पठनपाठनमा वाधा उत्पन्न हुने गरेको जानकारी शिक्षकहरूले दिए ।

नमुना छनौटमा परेका विद्यालयहरूको कक्षा कोठाको अवस्था विद्यालय नै पिच्छे फरक फरक पाइयो । केहि विद्यालयमा कक्षा कोठाहरू पर्याप्त भएको पाइयो भने केहिमा अपर्याप्त पाइयो । त्यसै गरी कक्षा कोठाको उपयुक्ततामा पनि बिभिन्नता पाइयो । पक्की विद्यालय भवन भएका विद्यालयहरूको कक्षा कोठा शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार आकार प्रकारका उपयुक्त र पर्याप्त पाइयो भने उक्त कोठाहरूमा प्रकाशको व्यवस्था पनि राम्रो रहेको पाइयो । यसका अतिरिक्त कालो पाटी उपयुक्त स्थानमा राखेको पाइयो । प्राथमिक तहका विद्यार्थीहरू अध्ययन गर्ने कक्षाकोठाहरूमा शैक्षिक सामग्रीका रुपमा पयोग हुने वाल पेन्टीङ्ग राम्रोसँग गरेको पाइयो । कक्षा कोठाका भित्तामा आवश्यक र उपयुक्त प्रकारका अक्षरहरू, चित्र नक्सा लगायतका सामग्रीहरूको व्यवस्था गरेको पाइयो । कच्ची कक्षा कोठा भएका विद्यालयहरूमा भने कक्षाको आकार, झ्यालको उपयुक्तता, प्रकाशको व्यवस्था पर्याप्त र उपयुक्त पाइएन । ती विद्यालयको भुईमा पनि सिमेन्ट लगाउन नसकिएकाले धुलो हुने गरेके पाइयो । कक्षाकोठाहरूको वेरा काठको फल्याक लगाएको भए पनि पुनर्निमाणको अभावमा वेरा कमसल भइसकेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयहरूको विद्यालय भवनको अवस्थाको जानकारी लिनका लागि अवलोकन फारमको प्रयोग गरिएको थियो । यसका अतिरिक्त विद्यालयको अभिलेखको समेत अध्ययन गरिएको थियो । नमुना छनौटमा परेका विद्यालयहरू मध्ये दुईवटा विद्यालयहरूको भवनको अवस्था राम्रो रहेको पाइयो भने दुईवटा विद्यालयको भवनको अवस्था कमजोर रहेको पाइयो भने एउटा विद्यालयको भवनको अवस्था सामान्य रहेको पाइयो । ती

विद्यालयहरूमा पक्की भवन नभएको साथै भएका भवनहरूको समेत आवश्यकता अनुसार मर्मतसंभार हुन नसकेको देखियो ।

### ४.१.२ फर्निचरको अवस्था

शिक्षण सिकाइलाई सहज वनाउनका लागि भौतिक साधन अन्तर्गतको फर्निचरको महत्वपूर्ण भूमिका हुन्छ । फर्निचर निमाण गर्दा विद्याथीहरूको उमेरलाई ध्यान दिनुपर्दछ । विद्यार्थिको उमेर अनुसारको फर्निचरको व्यवस्थापन गर्न सकिएन भने त्यसले बालबालिकारुलाई शारीरिक रुपमा असहज महसुस हुने र अध्ययन प्रतिको रुचीलाई घटाउने गर्दछ । त्यसै गरी विद्यार्थी संख्याको अनुपातमा फर्निचरको संख्या कम भएमा एउटै वेञ्चमा खादिएर वस्नुपर्दा शिक्षण सिकाइ प्रभावित हुन जान्छ फलस्वरुप विद्यार्थीको सिकाइ उपलब्धिमा ह्रास आउन सक्छ ।

तालिका २ : फर्निचर सम्वन्धी विवरण

| क.सं. | विद्यालयको नाम | फर्निचर सख्या | विद्यार्थी संख्या | प्रति वेञ्च विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | सिंहदेवी प्रा.वि. | ३० जोडी | १०५ जना | ३.५जना |
| २ | कञ्चनजंघा प्रा.वि. | ७७ जोडी | २४३ जना | ३.२ जना |
| ३ | ज्योति प्रा. वि. | ४८ जोडी | १३९ जना | ३.० जना |
| ४ | शान्ती प्रा.वि. | ४२ जोडी | २५८ जना | ६.१ जना |
| ५ | नवदुर्गे प्रा.वि. | ४४ जोडी | १३४ जना | ३.० जना |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परेका विद्यालयहरू मध्ये चारवटा विद्यालय सिंहदेवी प्रा.वि., कञ्चनजंघा प्रा.वि., ज्योति प्रा.वि., र नवदुर्गे प्रा.वि.मा पर्याप्त मात्रामा फर्निचरहरू भएको पाइयो । सो विद्यालयमा प्रति वेञ्च विद्यार्थी संख्या ३ जना रहेको पाइयो भने शान्ती प्रा.वि.मा प्रति वेञ्च

विद्यार्थी संख्या ६ जना रहेको छ । सिंहदेवी प्रा.वि मा जम्मा ३० जोडी फर्निचर रहेको पाइयो । सो विद्यालयमा १०५ जना विद्यार्थी रहेकाले प्रति वेञ्च विद्यार्थी संख्या ३.५ जना रहेको पाइयो । श्री कञ्चनजंघा प्रा.वि.मा ७७ जोडी वेञ्च रहेको र सो विद्यालयमा प्रति वेञ्च विद्यार्थी संख्या ३ जना रहेको पाइयो । ज्योति प्रा.वि.मा जम्मा ४८ जोडी वेञ्च रहेको र सो विद्यालयमा प्रति वेञ्च विद्यार्थी संख्या ३ जना रहेको पाइयो । शान्ती प्रा.वि.मा जम्मा ४२ जोडी वेञ्च रहेको र सो विद्यालयमा प्रति वेञ्च विद्यार्थी संख्या ६ जना रहेको पाइयो । नवदुर्गे प्रा.वि.मा जम्मा ४४ जोडी वेञ्च रहेको र सो विद्यालयमा प्रति वेञ्च विद्यार्थी संख्या ३ जना रहेको पाइयो ।

शोधकर्ता आफैले नमुना छनौटमा परेका विद्यालयहरूको स्थलगत भ्रमण गरी अवलोकन गर्दा चारवटा विद्यालयमा पर्याप्त फर्निचर भएको पाइयो । ती विद्यालयहरूमा एउटा वेञ्चमा ३/४ जना विद्यार्थीहरू वस्ने गरेको पाइयो । त्यसैगरी शान्ती प्रा.वि. मा फर्निचरको राम्रो व्यवस्था भएको पाइएन । शान्ती प्रा.वि.मा विद्यार्थीहरूको उमेर अनुसारको उपयुक्त फर्निचर नभएको पाइयो । सो विद्यालयमा जम्मा ४२ जोडी फर्निचर रहको पाइयो । सो विद्यालयहरूमा विद्यार्थीको शारीरिक अवस्था अनुसार डेक्स वेञ्चको आकार ठूलो भएको पाइयो । सो विद्यालयको केहि कक्षा कोठाहरूमा त भुइँमा गाडेर वनाएको पुराना पाराका फर्निचर रहेको पाइयो । ती फर्निचरहरू विद्यार्थीको सिकाइका निम्ति उपयुक्त नभएको अवस्था छ ।

### ४.१.३ शौचालय तथा खानेपानीको अवस्था

नमुना छनौटमा परेका विद्यालयहरूको शौचालय तथा खानेपानीको अवस्था सम्वन्धि विवरण निम्नानुसार रहेको पाइयो ।

तालिका ३ : शौचालय तथा खानेपानीको अवस्था

| क्र.सं. | विद्यालयको नाम | शौचालय | | खानेपानी | |
|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | ट्युवेल | धारा |
| १ | सिंहदेवी प्रा.वि. | १ | १ | १ | - |
| २ | कञ्चनजंघा प्रा.वि. | २ | - | २ | १ |
| ३ | ज्योति प्रा. वि. | १ | - | १ | १ |
| ४ | शान्ती प्रा.वि. | - | १ | १ | - |
| ५ | नवदुर्गे प्रा.वि. | १ | - | १ | - |
| जम्मा | | ५ | २ | ६ | २ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परेका विद्यालयहरूको शौचालयको अवस्था सन्तोषजनक पाइयो । नमुना छनौटमा परेका विद्यालयहरू मध्ये सिंहदेवी प्रा.वि.मा २ वटा शौचालय रहेको पाइयो । सो विद्यालयमा खानेपानीको लागि १ वटा ट्युवेल रहेको पाइयो । कञ्चनजंघा प्रा.वि. मा दुईवटा पक्की शौचालय रहेको पाइयो । त्यस विद्यालयमा छात्रा र छात्रका निम्ति वेग्लावेग्लै दुईवटा शौचालय रेहेको र सो शौचालयमा पानीको समेत व्यवस्था रहेको पाइयो । सो विद्यालयमा खानेपानीको लागि २ वटा ट्युवेल र १ वटा धारा रहेको पाइयो । ज्योति प्रा.वि.मा १ वटा पक्की शौचालय रहेको पाइयो । सो विद्यालयमा खानेपानीको लागि १ वटा ट्युवेल र १ वटा धारा रहेको पाइयो । शान्ती प्रा.वि.मा १ वटा कच्ची र नवदुर्गे प्रा.वि.मा १ वटा पक्की शौचालय रहेको पाइयो । सो विद्यालयहरूमा खानेपानीको लागि १/१ वटा ट्युवेल रहेको पाइयो । विद्यालयहरूमा रहेका शौचालयहरूको सरसफाइमा भने पर्याप्त ध्यान नदिएको पाइयो । यसको कारणवारे विद्यालयका प्र.अ.ले दिएको जानकारी अनुसार शौचालय सरसफाइ गर्न वार्षिक रुपमा ठेक्का दिने गरेको, सो व्यक्तिले हप्ताको दुईपटक

सरसफाई गर्ने गरेको जानकारी दिए । केहि विद्यालयको शौचालय त निकै दुर्गन्धित र फोहोर रहेको पाइयो । यस प्रसङ्गमा विद्यालय प्रसासनसँग जिग्यासा राख्दा प्रा.वि. तहका बालबालिकाहरू साना हुने भएकाले उनीहरूले सही तरिकाले शौचालय प्रयोग नगरेकाले त्यस्तो भएको वताए । यसका अतिरिक्त केहिले भने शौचालयको सफाइ गर्ने मानिस नपाइने गरेकोले विद्यालयको कर्मचारीले नै सो काम गर्नुपर्ने भएकाले केहि समस्या परेको वताए । यसरी शौचालय फोहोर हुदा बिभिन्न किसिमका स्वास्थ्य समस्याहरू पर्नसक्ने कुरामा भने उनीहरू सचेत रहेको पाइयो ।

विद्यालयमा  खानेपानीको व्यवस्था गर्नु अनिवार्य हुन्छ । नमुना छनौटमा परेका सवै विद्यालयमा खानेपानीका लागि ट्युवेलको व्यवस्था गरेको पाइयो । नमुना छनौटमा परेका मध्ये दुईवटा विद्यालयहरू कञ्चनजंघा प्रा.वि. र ज्योती प्रा.वि.मा खानेपानीका लागि आवस्यक  ट्युवेलका साथै धाराको समेत व्यवस्था गरेको पाइयो । केहि विद्यालयमा एक भन्दा वढी खानेपानीका स्रोतहरूको प्रयोग गरेको पाइयो । यसरी समग्रमा सवै विद्यालयमा खानेपानीको प्रवन्ध गरेको भए पनि केहिमा राम्रो अवस्था पाइयो भने केहिमा सामान्य अवस्था पाइयो । विद्यालयमा खानेपानीको व्यवस्था नभएकै कारणले विद्यालय नजाने अवस्था भने कुनैपनि विद्यालयमा नरहेको पाइयो ।

### ४.१.४ खेल मैदान तथा खेलकुद सामग्रीको अवस्था

बालबालिकाहरूको शारीरिक, मानसिक र वैद्धिक विकासका लागि खेलकद अनिवार्य हुनेगर्छ । बालबालिकाहरू खेलकुदमा ज्यादै रुचीराख्ने भएकाले प्राथमिक तहका बालबालिकाहरूलाई अन्यको तुलनामा खेलमैदान तथा खेल सामग्रीको व्यवस्था गर्नुपर्ने हुन्छ । नमुना छनौटमा परेका सवै विद्यालयमा सामान्य प्रकारका खेलसमाग्रीहरूको व्यवस्था भएको पाइयो । केहि विद्यालयमा भने खेल मैदान र खेल सामग्रीको अवस्था राम्रो रहेको पाइयो । विशेषगरी बालबालिकाहरूका लागि खेलसामग्रीहरूमा लुडो, अक्षर पत्ति मिलाउने, पत्ति जोडेर चित्र वनाउने फुटवल, चेस लगायतका पाइयो । नमुना छनौटमा परेका मध्ये ज्याति प्राथमिक विद्यायको खेल मैदानको क्षेत्रफल ०-१०-० कठ्ठा भएपनि त्यसको व्यवस्थापन हुन नसकेको अवस्था पाइयो ।

विद्यालयमा खेल्ने अवसर पाउने भएपछि बालबालिकाहरू सकेसम्म विद्यालय नियमित जाने गरेको जानकारी केहि अभिभावकहरूले दिए । घरमा वस्दा दिउसो खेल्ने साथी पनि कोहि नहुने भएकाले प्राय बालबालिकाहरू विद्यालय लागेको दिन घर वस्न मान्दैनन् । यसरी खेल्न पाउने आसमा भएपनि विद्यर्थीहरू नियमित विद्यालय गएपछि उनीहरूले केहि न केहि सिक्ने भएकाले सिकाइ उपलव्धिमा समेत सुधार हुन्छ । खेलकुदले कक्षा निरन्तरतामा सकारात्मक प्रभाव पार्ने गर्छ । कक्षा निरन्तरताले विद्यार्थीहरूको सिकाइ उपलव्धिमा वृद्धिगर्न मद्धत गर्दछ ।

### ४.१.५ चमेनागृह

बालबालिका तथा शिक्षकहरूका लागि खाजा खानकालागि आवश्यक पर्ने चमेनागृहको व्यवस्था कुनै विद्यालय परिसरमा नभएको अवस्था पाइयो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई टिफिनमा खाजा खाने गरेको छैन भनी जिग्यासा राख्दा उनीहरू मध्ये केहिले खाजा खान घर नै जाने गरेको वताए भने केहिले खाजाखाने ठाउँ नै नभएको वताए । सो विषयमा प्र.अ.सँग जिग्यासा राख्दा चमेना गृहको व्यवस्था विद्यालयले गर्न नसक्ने र अन्य व्यक्तिहरूलाई व्यवस्था गर्न भन्दा उनीहरूले पनि खासै मन नगरेकाले सो व्यवस्था गर्न नसकिएको जानकारी दिए । यसरी विद्यालयमा उचित प्रकारको खाजाखाने ठाउको व्यवस्था गर्न नसक्दा विद्यार्थीहरूले भोक लागेपनि खाजा खान पाउने अवस्था पाइएन । त्यसैकारणले पनि केहि विद्यार्थीहरू अन्तिम पिरियड सम्म अध्ययन गर्नुको सट्टा छुट्टी हुनु अगावै घरजाने गरेको समेत जानकारी पाइयो ।

### ४.१.६ शैक्षिक सामग्रीहरू

विषयवस्तुसँग सान्दर्भिक शैक्षिक सामग्रीको प्रयोग गरी कक्षा शिक्षण गर्दा अध्ययन अध्यापन कार्य रुचीपपपूर्ण र प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षण भएमा विद्यार्थीहरूको शैक्षिक उपलव्धिमा वृद्धि हुन्छ । नमुना छनौटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्रीको अवस्थाको अध्ययन गर्दा सवै विद्यालयमा अत्यावश्यक शैक्षिक सामग्रीहरू रहेको पाइयो । छनौटमा परेका मध्ये कञ्चनजंघा प्रा.वि. र ज्योति प्रा.वि.मा भने पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू रहेको पाइयो । विद्यालयहरूमा शैक्षिक सामग्रीको रुपमा ग्लोव, नक्सा, नमुना, चित्रहरू,

शव्दपत्ति .रहेको पाइयो । विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको प्रयोगको अवस्था वारे शिक्षकहरूसँग जानकारी लिदा उनीहरूले पाठको प्रकृति हेरेर शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको वताए । विद्यार्थीहरूसँग सो विषयमा वुभ्दा उनीहरूले पनि प्राय सवै शिक्षकहरूले शैक्षिक सामग्रीहरूको प्रयोग गरेर पढाउने गरेको वताए । प्राथमिक तहका तल्ला कक्षहरूमा भने शैक्षिक सामग्रीलाई नै आधार वनाएर खेलको माध्यमवाट अध्यापन हुने गरेको जानकारी पाइयो ।

टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्तको आधारमा नमूनमा छनौटमा परेका विद्यालयहरूको भौतिक व्यवस्थापन नभएको पाइयो । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामको वाँडफाड उचित रुपमा गरी अधिकतम् प्रतिफल हासिलगर्ने कुरालाई जेड दिन्छ । तर विद्यालयको भौतिक पूर्वाधारको अवस्थालाई हेर्दा व्यवस्थित र वैज्ञानिक तवरले कामको वाँडफाड गरी पूरा गरेको अवस्था केहि विद्यालयहरूमा पाइएन । त्यसैले यहाँ प्रयोग गरिएको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुरुप भौतिक व्यवस्थापन भएको पाइएन ।

## ४.२ भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलव्धिमा पारेको प्रभाव

यहाँ नमुना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहको विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धिका वारेमा विश्लेषण गरिएको छ । यसका अतिरिक्त सिकाइ उपलव्धिलाई प्रभावपार्ने तत्वहरूका वारेमा समेत चर्चा गरिएको छ ।

### ४.२.१ प्राथमिक तहको सिकाइ उपलव्धिको वर्तमान अवस्था

नमुना छनौटमा परेका विद्यालयहरूको विगत तीन वर्षको कक्षागत सिकाइ उपलव्धिको वारेमा निम्नानुसार चर्चा गरिएको छ ।

तालिका ४ : श्री सिंहदेवी प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि

| कक्षा | औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ४०.४ | ४२.६ | ४२.१ |
| २ | ४२.७ | ४५.८ | ४४.९ |
| ३ | ४५.६ | ४५.० | ४४.३ |
| ४ | ४३.८ | ४६.८ | ४५.८ |
| ५ | ४०.३ | ४१.७ | ४१.२ |

स्रोत : विद्यालय अभिलेख, २०६७

श्री सिंहदेवी प्रा.वि.को औषत कक्षागत सिकाइ उपलब्धिको अध्ययन गर्दा सन्तोषजनक पाइएन । यस विद्यालयको विगत तीन वर्षको कक्षागत सिकाइ उपलब्धि ४० देखि ४५ को हाराहारीमा मात्र रहेको पाइयो । यस विद्यालयमा शैक्षिक सत्र २०६५ मा कक्षा १ को सिकाइ उपलब्धि ४०.४ रहेकोमा शैक्षिक सत्र २०६६ मा सो उपलब्धिमा केहि सुधार भई ४२.६ पुगेको पाइयो । शैक्षिक सत्र २०६७ सो उपलब्धि केहि घटेर ४२.२ मा पुगेको पाइयो । त्यसैगरी कक्षा २ को सिकाइ उपलब्धि शैक्षिक सत्र २०६५ मा ४२.७ रहेकोमा शैक्षिक सत्र २०६७ मा वढेर ४५ पुगेको पाइयो । कक्षा ३ को सिकाइ उपलब्धि शैक्षिक सत्र २०६५ मा ४५.६ रहेकोमा शैक्षिक सत्र २०६७ मा केहि घटेर ४४.३ रहेको पाइयो । कक्षा ४ को सिकाइ उपलब्धिमा सुधार आइरहेको अवस्था पाइयो । शैक्षिक सत्र २०६७ मा सो कक्षाको सिकाइ उपलब्धि ४५.८ रहेको पाइयो । कक्षा ५ मा शैक्षिक सत्र २०६५ मा ४०.३ रहेको सिकाइ उपलब्धि २०६७ मा केहि वढेर ४१.२ पुगेको पाइयो ।

अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्ला शैक्षिक सत्रमा केहि सुधार देखिएता पनि खासै राम्रो नतिजा भने पाइएन । नमुना छनौटमा परेका विद्यालयहरूको औषत सिकाइ उपलब्धिको तुलनामा यस विद्यालयको सिकाइ उपलब्धि कमजोर रहेको पाइयो । औषत भन्दा सवै शैक्षिक सत्र र कक्षाहरूको सिकाइ उपलब्धि कम रहेको पाइयो ।

तालिका ५ : कञ्चनजंघा प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि

| कक्षा | औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ५०.८० | ५५.६० | ५१.३४ |
| २ | ४७.९१ | ४८.३० | ५१.९० |
| ३ | ४८.७९ | ५०.०० | ५१.४३ |
| ४ | ४५.३० | ५३.९८ | ५२.६० |
| ५ | ४७.१२ | ४८.१२ | ५०.६१ |

स्रोत : विद्यालय अभिलेख, २०६७

श्री कञ्चनजंघा प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धिको अध्ययन गर्दा सन्तोषजनक अवस्था रहेको पाइयो । यस विद्यालयको विगत तीन वर्षको कक्षागत सिकाइ उपलब्धि ४५ देखि ५५ को बीचमा रहेको पाइयो । यस विद्यालयमा शैक्षिक सत्र २०६५ मा कक्षा १ को सिकाइ उपलब्धि ५०.८ रहेकोमा शैक्षिक सत्र २०६६ मा वढेर ५५.६ पुगेको र अर्को शैक्षिक सत्रमा सो उपलब्धि घटेर ५१.३ पुगेको पाइयो । कक्षा २ मा शैक्षिक सत्र २०६५ मा ४७.९ हरेको उपलब्धि क्रमश वढेर शैक्षिक सत्र २०६७ मा ५१.९ पुगेको पाइयो । कक्षा ३ मा शैक्षिक सत्र २०६५ मा ४८.७९ रहेको उपलब्धि शैक्षिक सत्र २०६७ मा  ५१.४३ पुगेको पाइयो । त्यसैगरी कक्षा ४ मा शैक्षिक सत्र २०६५ मा ४५.३ रहेको सिकाइ उपलब्धि २०६६ मा ५३.९८ र २०६७ मा ५२.६ रहेको पाइयो । कक्षा ५ को सिकाइ उपलब्धि २०६५ मा ४७.१ रहेकोमा शैक्षिक सत्र २०६७ मा क्रमश वढेर ५०.६ पुगेको पाइयो । यस विद्यालयको सिकाइ उपलब्धिमा क्रमश सुधार भइरहेको पाइयो । नमुना छनौटमा परेका सवै विद्यालयहरूको औषत सिकाइ उपलब्धि भन्दा यस विद्यालयको सिकाइ उपलब्धि सवै शैक्षिक सत्र र सवै कक्षाहरूमा राम्रो रहेको पाइयो ।

तालिका ६ : ज्योति प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि

| कक्षा | औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ४५.७ | ४६.९ | ४५.१ |
| २ | ४४.९ | ४२.३ | ४८.५ |
| ३ | ४२.८ | ४४.६ | ४७.९ |
| ४ | ४४.१ | ४५.३ | ४५.८ |
| ५ | ४१.८ | ४२.८ | ४४.९ |

स्रोत : विद्यालय अभिलेख, २०६७

ज्योति प्राथमिक विद्यालयको कक्षागत सिकाइ उपलब्धिसँग नमुना छनौटमा परेका सवै विद्यालयको औषत सिकाइ उपलब्धिको तुलना गर्दा लगभग समान रहेको पाइयो । यस विद्यालयमा शैक्षिक सत्र २०६५ मा कक्षा १ को सिकाइ उपलब्धि ४५.७ रहेकोमा शैक्षिक सत्र २०६६ मा वढेर ४६.ढ पुगेको र अर्को शैक्षिक सत्रमा सो उपलब्धि घटेर ४५.१ पुगेको पाइयो । कक्षा २ मा शैक्षिक सत्र २०६५ मा ४४.९ हरेको उपलब्धि घटेर शैक्षिक सत्र २०६६ मा ५१.९ पुगेको पाइयो भने शैक्षिक सत्र २०६७ मा सो सख्या वढेर ४८.५ पुगेको पाइयो । कक्षा ३ मा शैक्षिक सत्र २०६५ मा ४२.८ रहेको उपलब्धि शैक्षिक सत्र २०६७ मा ४७.९ पुगेको पाइयो । त्यसैगरी कक्षा ४ मा शैक्षिक सत्र २०६५ मा ४४.१ रहेको सिकाइ उपलब्धि २०६६ मा ४५.३ र २०६७ मा ४५.८ रहेको पाइयो । कक्षा ५ को सिकाइ उपलब्धि २०६५ मा ४१.८ रहेकोमा शैक्षिक सत्र २०६७ मा क्रमश वढेर ४४.९ पुगेको पाइयो ।

तालिका ७ : शान्ती प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि

| कक्षा | औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ४०.५ | ३९.८ | ४२.३ |
| २ | ४०.८ | ४१.८ | ४०.९ |
| ३ | ३९.३ | ४२.५ | ४१.० |
| ४ | ४४.६ | ४३.८ | ४३.९ |
| ५ | ३९.९ | ४०.३ | ४१.८ |

स्रोत : विद्यालय अभिलेख, २०६७

श्री शान्ती प्राथमिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि राम्रो पाइएन । नमुना छनौटमा परेका विद्यालयहरूको औषत सिकाइ उपलब्धिको तुलनामा सवै शैक्षिक सत्र र सवै कक्षाहरूको सिकाइ उपलब्धि कम रहेको पाइयो । यस विद्यालयको सिकाइ उपलब्धि ३९ देखि ४४ को वीचमा रहेको पाइयो । शैक्षिक सत्र २०६५ मा कक्षा १ को सिकाइ उपलब्धि ४०.५ रहेकोमा शैक्षिक सत्र २०६७ मा सो उपलब्धिमा सुधार भई ४२.३ पुगेको पाइयो । शैक्षिक सत्र २०६५ मा कक्षा २ को सिकाइ उपलब्धि ४०.८ रहेकोमा २०६६ मा केहि वढेर ४१.८ पुगेको र २०६७ मा सो संख्यामा कमीआई ४०.९ पुगेको पाइयो । कक्षा ३ मा ३९.३ रहेको सिकाई उपलब्धि शैक्षिक सत्र २०६७ मा ४१ पुगेको पाइयो । त्यसैगरी कक्षा ५ मा शैक्षिक सत्र २०६५ मा ३९.९ रहेको सिकाइ उपलब्धि क्रमश वढेर शैक्षिक सत्र २०६७ मा ४१.८ पुगेको पाइयो ।

तालिका ८ : नवदुर्गे प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि

| कक्षा | औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ४१.७ | ४२.५ | ४४.८ |
| २ | ४३.९ | ४५.९ | ४४.७ |
| ३ | ४०.३ | ४२.९ | ४८.० |
| ४ | ४६.९ | ४४.१ | ४७.१ |
| ५ | ४५.८ | ४३.८ | ४५.० |

स्रोत : विद्यालय अभिलेख, २०६७

नमुना छनौटमा परेका विद्यालयहरूको औषत सिकाइ उपलब्धिको तुलनामा यस विद्यालयको सिकाइ उपलब्धिमा मिश्रित अवस्था पाइयो । यस विद्यालयमा शैक्षिक सत्र २०६५ मा कक्षा १ को सिकाइ उपलब्धि ४१.७ रहेकोमा शैक्षिक सत्र २०६६ मा वढेर ४२.५ पुगेको र अर्को शैक्षिक सत्रमा सो उपलब्धि वढेर ४४.८ पुगेको पाइयो । कक्षा २ मा शैक्षिक सत्र २०६५ मा ४३.९ रहेको उपलब्धि वढेर शैक्षिक सत्र २०६६ मा ४५.९ पुगेको पाइयो भने शैक्षिक सत्र २०६७ मा सो सख्या घटेर ४४.७ पुगेको पाइयो । कक्षा ३ मा शैक्षिक सत्र २०६५ मा ४०.३ रहेको उपलब्धि शैक्षिक सत्र २०६७ मा ४८.० पुगेको पाइयो । त्यसैगरी कक्षा ४ मा शैक्षिक सत्र २०६५ मा ४६.९ रहेको सिकाइ उपलब्धि २०६६ मा ४४.१ र २०६७ मा ४७.१ रहेको पाइयो । कक्षा ५ को सिकाइ उपलब्धि २०६५ मा ४५.८ रहेकोमा शैक्षिक सत्र २०६७ मा घटेर ४५.० पुगेको पाइयो ।

सर्वप्रथम नमुना छनौटमा परेका पाँचवटै विद्यालयको औषत सिकाइ उपलब्धि निकाली सो उपलब्धिसँग प्रत्येक विद्यालयको कक्षागत सिकाइ उपलब्धिको तुलना गरिएको छ ।


तालिका ९ : नमुना छनौटमा परेका विद्यालयहरूको औषत कक्षागत सिकाइ उपलब्धि

| कक्षा | नमुना छनौटमा परेका विद्यालयहरूको औषत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | २०६५ | २०६६ | २०६७ |
| १ | ४३.८ | ४५.५ | ४५.१ |
| २ | ४४.० | ४४.८ | ४६.२ |
| ३ | ४३.४ | ४५.० | ४६.५ |
| ४ | ४४.९ | ४६.८ | ४७.० |
| ५ | ४३.० | ४३.३ | ४४.७ |

स्रोत : विद्यालय अभिलेख, २०६७

नमुना छनौटमा परेका पाँचवटै विद्यालयको औषत कक्षागत सिकाइ उपलब्धि सामान्य रहेको पाइयो । कक्षा १ मा नमुना छनौटमा परेका सवै विद्यालयहरूको कक्षागत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६५ मा ४३.८ रहेकोमा २०६६ मा सो संख्यामा वृद्धि भई ४५.५ पुगेको पाइयो । सोही कक्षाको सिकाइ उपलब्धि शैक्षिक सत्र २०६७ मा ४५.१ पुगेको पाइयो । कक्षा २ को औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६५ मा ४४ रहेकोमा क्रमश वढेर २०६७ मा ४६.२ पुगेको पाइयो । त्यसैगरी कक्षा ३ को औषत उपलब्धिमा पनि क्रमश वृद्धि भएर २०६७ मा ४६.५ पुगेको पाइयो । कक्षा ४ को सिकाइ उपलब्धि २०६५ मा ४४.९ रहेकोमा २०६६ मा क्रमश वढेर ४३.३ पुगेको र २०६७ मा ४४.७ पुगेको पाइयो । कक्षा ५ को सिकाइ उपलब्धिमा पनि प्रत्येक वर्ष सुधार आइरहेको अवस्था पाइयो । शैक्षिक सत्र २०६५ मा ४३ रहेको सिकाइ उपलब्धिमा वृद्धिभई शैक्षिक सत्र २०६७ मा ४४.७ पुगेको पाइयो ।

माथिको तालिकालाई निम्न स्तम्भ चित्रमा देखाइएर अझ प्रष्ट्याउने प्रयास गरिएको छ ।




यसरी नमुना छनौटमा परेका सबै विद्यालयको औषत सिकाइ उपलब्धिको तुलनामा श्री कञ्चनजंघा प्रा.वि.र श्री ज्योती प्रा.वि.को सिकाइ उपलब्धि राम्रो रहेको पाइयो भने सिंहदेवी प्रा.वि.र शान्ती प्रा.वि.को सिकाइ उपलब्धि औषत भन्दा कम रहेको पाइयो । यसरी कक्षागत सिकाइ उपलब्धि र विद्यालयको भौतिक पूर्वाधारको अवस्था तुलना गर्दा यी दुईका वीचमा प्रत्यक्ष र सकारात्मक सम्वन्ध रहेको अवस्था पाइयो । जुन विद्यालयको भौतिक पूर्वाधारको अवस्था राम्रो छ त्यस विद्यालयको सिकाइ उपलब्धि पनि राम्रो रहेको र कमजोर भौतिक पूर्वाधार भएको विद्यालयको औषत सिकाइ उपलब्धि पनि न्युन रहेको पाइयो । भौतिक पूर्वाधार राम्रो रहेको विद्यालयमा विद्यार्थीहरूलाई अध्ययन कार्यका लागि सहज वातावरण प्रदान हुने उनीहरू आफ्नो इच्छा र रुची अनुसार खेलकुद क्रियाकलापमा समेत सहभागि हुन पाउने भएकाले अध्ययन कार्यमा पनि उत्प्रेरित भएर लाग्ने हुनाले सिकाइ उपलब्धि पनि राम्रो भएको हुनसक्छ ।

## ४.३ विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू

बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिदै राम्रो सिकाइ उपलब्धि हासिल गर्नका लागि धेरै कुराहरूको आवश्यकता पर्दछ । विद्यालयमा भएको भौतिक साधन स्रोतको अवस्थाले बालबालिकाहरूको सिकाइलाई प्रभाव पार्दछ । विद्यालयमा पर्याप्त कक्षा कोठाको व्यवस्था नभएमा पठनपाठनमा वाधा उत्पन्न हुने गर्दछ । त्यसैगरी शिक्षकको योग्यता, कक्षामा उनीहरूले प्रयोग गर्ने शिक्षण विधि तथा सामग्री, विद्यार्थीहरूका अभिभावकहरूको आर्थिक अवस्था, उनीहरूको शिक्षा प्रतिको दृष्टिकोण, बालबालिकाहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीको उपलव्धता, विद्यार्थीहरूको मूल्याङ्कन गर्ने तरिका, विद्यार्थीहरू तथा शिक्षकहरूको नियमितता लगायतका कुराहरूले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने गरेको पाइन्छ । यसरी सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई तालिकामा देखाएर निम्नानुसार विश्लेषण गर्ने प्रयास गरिएको छ ।

तालिका १० : विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

| क्र. स. | प्रभावपार्ने तत्वहरू | उत्तरदाताहरू | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षकहरू | वि.व्य.स. | | |
| १ | भौतिक पूर्वाधार | ५ | ८ | ४ | १७ | ८५.० |
| २ | शिक्षण विधि तथा सामग्री | ४ | ७ | ४ | १५ | ७५.० |
| ३ | विद्यालय नियमितता | ३ | ९ | ५ | १७ | ८५.० |
| ४ | अभिभावकको आर्थिक तथा शैक्षिक अवस्था | ३ | ७ | ३ | १३ | ६५.० |
| ५ | छात्रवृत्ति वितरण | २ | ५ | १ | ८ | ४०.० |
| ६ | विद्यार्थी मूल्याङ्कन प्रणाली | २ | ६ | २ | १० | ५०.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उत्तरदाताहरू मध्ये १७ जना अर्थात ८५ प्रतिशतले विद्यालयको भौतिक पूवाधारले बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने धारणा व्यक्त गरेका छन् । त्यसरी धारणा व्यक्त गर्नेहरूमा ५ जना प्रधानाध्यापकहरू, ८ जना शिक्षकहरू तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् । शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्दछ भन्ने उत्तर ४ जना प्र.अ., ७ जना शिक्षक तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू गरी जम्मा १५ जनावाट प्राप्त भयो । ८५ प्रतिशत अर्थात १७ जना उत्तरदाताहरूले विद्यालय नियमितताले पनि सिकाइ उपलब्धिमा प्रभाव पार्ने गरेको विचार व्यक्त गरेका छन् । यसरी विचार व्यक्त गर्नेहरूमा ३ जना प्र.अ., ९ जना शिक्षकहरू तथा ५ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको  रहेको पाइयो ।

अभिभावकहरूको आर्थिक तथा शैक्षिक अवस्थाले पनि सिकाइ उपलब्धिमा प्रभाव पार्ने गरको कुरा ६५ प्रतिशत उत्तरदाताहरूले व्यक्त गरेका छन् । यसरी विचार व्यक्त गर्नेहरूमा ३ जना प्र.अ., ७ जना शिक्षकहरू तथा ३ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको रहेको पाइयो । विद्यार्थीहरूले पाउने छात्रवृत्ति रकमले पनि बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने गरेको जानकारी ४० प्रतिशत उत्तरदाताहरूले दिएका छन् । यसरी सो धारणा व्यक्त गर्नेहरूमा २ जना प्र.अ., ५ जना शिक्षक तथा १ जना वि.व्य.स. पदाधिकारी गरी जम्मा ८ जना रहेको पाइयो । विद्यार्थी मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने जानकारी ५० प्रतिशत उत्तरदाताहरूले दिएका छन् । यसरी विचार व्यक्त गर्नेहरूमा २ जना प्र.अ., ६ जना शिक्षकहरू तथा २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको  रहेको पाइयो ।

नमुना छनौटमा परेका उत्तरदाताहरूले व्यक्त गरेका धारणा, विचार तथा प्रश्नावलीको उत्तर आदिका आधारमा प्राप्त कुराहरूलाई यहाँ व्याख्या विश्लेषण गरिएको छ

विद्यालय सञ्चालनको सवैभन्दा प्रधान तथा महत्वपूर्ण तत्व नै भौतिक पूर्वाधार हो । भौतिक पूर्वाधार अर्न्तगत विद्यालय भवन, कक्षा कोठाहरू, बालबालिकाहरूलाई वस्नका लागि आवश्यक पर्ने फर्निचर, मेच, टेवल, दराज, खानेपानीका लागि आवश्यक व्यवस्था, खेलमैदान तथा खेल सामग्रीहरू, शौचालय, चमेनागृह, विद्यालयमा आवतजावत गर्नका

निम्ति आवश्यक वाटो लगायत पर्दछन् । उपयुक्त प्रकारका विद्यालय भवन, कक्षाकोठाको व्यवस्था नभएमा पठनपाठन राम्रोसँग नहुने गर्छ । विद्यालयका कक्षा कोठाहरूमा पर्याप्त झ्यालढोका को व्यवस्था नभएमा घाम पानीले अध्ययन कार्यमा वाधा उत्पन्न गर्छ । जाडो मौसममा झ्याल ढोका राम्रो अवस्थामा नभएमा सित हुस्सु लगायतका कारण अध्ययन अध्यापन कार्य रोक्नुपर्ने हुन्छ भने वर्षातको समयमा पानी परेको वेला कक्षामा पानी पसेर अध्ययन कार्यमा अवरोध उत्पन्न हुन्छ ।

प्राथमिक उमेरका विद्यार्थीहरूको ध्यान अध्ययन कार्यमा भन्दा खेलकुदमा वढी जाने भएकाले कतिपय बालबालिकाहरू विद्यालयमा खेल्न पाइने भएकाले पनि नियमित रुपमा विद्यालय जाने गरेको पाइन्छ । यसरी विद्यालय नियमितताले स्वभाविक रुपमा विद्यार्थीहरूको सिकाइ उपलव्धिमा वृद्धि गर्न मद्धत पुग्दछ । यसका साथै खेलकुदले बालबालिकाहरूको शारीरिक तथा मानसिक विकासमा समेत मद्धत पुऱ्याउनुका साथै उनीहरूलाई स्वास्थ्य रहनका लागि सहयोग पुऱ्याउछ । विद्यालयमा आवश्यक मात्रामा शौचालयको व्यवस्था नभएमा बिभिन्न प्रकारका समस्या उत्पन्नहुने गर्दछन् । व्यवस्थित प्रकारको शौचालय नभएमा विद्यार्थीहरूमा बिभिन्न प्रकारका फोहोरमैलाका कारण लाग्ने सरुवा रोगहरूको संक्रमण वढ्ने, त्यसवाट विद्यार्थीहरू विरामी परी कक्षा नियमिततामा कमी आउने गर्दछ फलस्वरुप विद्यार्थीहरूको सिकाई उपलव्धिमा कमी आउछ । यसरी सवै प्रकारका भौतिक पूर्वाधारले विद्यार्थीहरूको सिकाइ उपलव्धिमा प्रभाव पारेको हुन्छ । पर्याप्त मात्रामा भौतिक पूर्वाधारको व्यवस्था भएका विद्यालयको सिकाइ उपव्धिमा सकारात्मक प्रभाव पार्दछ भने अपर्याप्त भौतिक स्रोत साधनले सिकाइ उपलव्धिमा नकारात्मक प्रभाव पार्दछ ।

प्राथमिक तहका बालबालिकाहरूलाई उनीहरूको प्रत्यक्ष सम्लग्नता हुने खालका शिक्षण विधिको प्रयोग गर्नुपर्छ । खेलका माध्यमवाट आवश्यक र उपयुक्त प्रकारका शैक्षिक सामग्रीहरू प्रयोग गरी शिक्षण गर्दा उनीहरूमा पढाइ प्रति उत्सुकता तथा उत्प्रेरणा पैदा हुनेगर्छ । यसले पढाई प्रति रुची जगाउँछ । अध्ययन कार्यमा उत्प्रेरणा तथा रुची जागेमा उनीहरूले स्वभाविकरुपमा राम्रो सिकाइ उपलव्धि हारिल गर्न सक्छन् । प्राथमिक तहमा विशेषगरी नमुना प्रर्दशन विधि, खेल विधि, लगायतका विद्यार्थी केन्द्रीत शिक्षण विधिको प्रयोग गर्ने गरिएको पाइन्छ । यस तहमा शैक्षिक सामग्रीका रुपमा चार्ट, चित्र, नक्सा,

नमुना, एगश्श्बा द्ययह लगायतका सामग्रीहरूको प्रयोग गर्ने गरिएको पाइन्छ । यस्ता विधि तथा सामग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइ प्रक्रिया अगाडि वढाउदा शिक्षण कार्य रुचीपूर्ण तथा प्रभावकारी हुन्छ फलस्वरुप विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ ।

बालबालिकाहरू नियमित रुपमा विद्यालय नगएमा उनीहरूको पाठ छुट्ने गर्दछ । नियमित रुपमा पाठहरू छुटेपछि उसले आफ्नो अध्ययन कार्यलाई राम्रोसँग अगाडि वढाउन सक्दैन । बालबालिकाहरू नियमित विद्यालय जाने अवस्थाको सृजना भने विद्यालयका शिक्षकहरू तथा अभिभावकहरूले गर्नु पर्दछ । घरमा काम गर्नपर्ने, घरका साना वालवच्चाहरू हेर्नुपर्ने, विद्यालय जानकालागि आवश्यक सामग्रीहरूको अभावभएका कारण, अभिभावकहरूको हेलचेक्रयाइँले, विद्यालयमा शिक्षकहरूसँग डराएर लगायतका कारणले विद्यार्थीहरूको कक्षा नियमिततामा समस्या उत्पन्न गरिहेको अवस्था छ । जेसुकै कारणले विद्यालय जाने कार्यमा वाधा उत्पन्न गरेपनि त्यसको प्रत्यक्ष प्रभाव भने उनीहरूको सिकाइ उपलब्धिमा पर्ने गर्दछ ।

कमजोर आर्थिक अवस्था भएका परिवारका वालवीलकाहरूले वालश्रममा वढी मात्रामा सम्लग्न हुनु पर्दछ । उनीहरूले आफ्नै घरमा वा अरुको घरमा काम गर्नुपर्ने हुनाले अध्ययन कार्यलाई निरन्तरता दिन कठिन हुन्छ । अभिभावकमा नियमित आयआर्जनको वाटो नभएमा बालबालिकाहरूलाई विद्यालय शिक्षामा निरन्तरता दिन कठिन पर्ने प्रष्ट देखिन्छ । गाँस, वास, कापास पछि मात्र शिक्षा पर्ने भएकाले गाँस र वासको अभाव हुदाहुदै शिक्षाले प्राथमिकता पाउने कमै सम्भावना देखिन्छ । यस्तो अवस्थाले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा नकारात्मक असर पुऱ्याउछ ।

गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई उनीहरूको अध्ययन कार्यलाई निरन्तरता दिन तथा अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गर्नका निम्ति छात्रवृत्ति वितरण गरिदै आएको पाइन्छ । हाल ५० प्रतिशत छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूलाई प्रदान गरिने छात्रवृत्ति, शहिद परिवारका लागि छात्रवृत्ति लगायतका छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन भईरहेको पाइन्छ । नमुना छनौटमा परेका मध्ये ४० प्रतिशत उत्तरदाताहरूले छात्रवृत्तिले विद्यार्थीहरूको सिकाइ उपलब्धिले प्रभाव पार्ने वताएका छन् । छात्रवृत्ति प्रदान गर्दा गरिव तथा अन्य छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको अध्ययन

कार्यले निरन्तरता पाउनुका साथै उनीहरूमा अध्ययन कार्यप्रति सकारात्मक भावनाको विकास हुन्छ जसका कारणले सिकाइ उपलव्धिमा सुधार हुन्छ ।

प्राथमिक तहका बालबालिकाहरूको नियमित मूल्याङ्कन गरेर उनीहरूका कमी कमजोरीहरू पहिल्याई आवश्यकरुपमा सुधारका निम्ति पृष्ठपोषण प्रदान गरेमा सिकाइ प्रभावकारी हुन्छ । हाल प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीका साथमा उदार कक्षोन्नतीको व्यवस्था लागु भएकाले कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने कार्यमा सुधार भएको पाइन्छ । यस्तो अवस्थाले  शैक्षिक उपलव्धिमा समेत सुधार ल्याउने विश्वास गरिन्छ । उत्तरदाताहरू मध्ये आधाजसोले मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूको सिकाइ उपलव्धिमा प्रभाव पार्ने कुरा वताएका छन् ।

यसरी विद्यालयको भौतिक पूर्वाधारको अवस्था राम्रो भएमा, विषयवस्तुसँग सान्दर्भिक शिक्षण विधि तथा सामग्रीहरूको प्रयोग गर्न सकेमा, केहि अभिभावकहरूमा रहेको शिक्षालाई हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन गर्न सकेमा, विद्यार्थी तथा शिक्षकको नियमिततामा वृद्धि गर्न सकेमा स्वभाविक रुपमा सिकाइ उपलव्धिमा वृद्धिहुने अवस्था सृजना हुन्छ । यदि यस्ता कुराहरूको सहि व्यवस्थापन हुन नसकेमा सिकाइ उपलव्धिमा कमी आउन जान्छ ।

## ४.४  भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्या

भौतिक स्रोत साधनको अभावमा विद्यालय सञ्चालनमा समस्या उत्पन्न हुन्छ । आर्थिक स्रोतको अभाव भएका कारण विद्यालयमा आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माणमा कठिनाई उत्पन्न भएको अवस्था छ । विद्यालयसँग प्रत्यक्ष र परोक्षरुपमा सम्वन्धित सरोकारवालाहरूले विद्यालयको व्यवस्थापन गर्नका निम्ति आवश्यक सरसहयोग नगरेका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको पाइयो । त्यसैगरी भौतिक पूर्वाधारको विकासका निम्ति पर्याप्त योजनाहरू वन्ने गरेको तर त्यसको कार्यान्वयन भने समयमा नभएका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको  पाइयो । विद्यालय व्यवस्थापन समिति निर्माण देखि विद्यालयमा हुने गरेका भौतिक संरचना निर्माणका क्रममा एक राजनीतिक दलले अर्को दलको खुट्टा तान्ने प्रवृत्तिले गदा पनि भौतिक निर्माणका कामहरू राम्रोसँग हुन नसकेको अवस्था पाइयो । सरकारी निकायवाट प्राप्तहुने रकम पनि

आवश्यकताका आधारमा भन्दा पहुच र भनसुनका आधारमा वितरण गर्ने परिपाटीका कारण पनि शक्ति र पँहुच नभएका विद्यालयहरूमा भौतिक निर्माणको काम त्यति राम्रोसँग हुन नसकेको अवस्था पाइयो । त्यसैगरी स्थानिय निकायहरूवाट समेत कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयकलाई आर्थिक स्रोत उपलव्ध गराएर सुविधा सम्पन्न वनाउने तर्फ खासै चासो नदेखाएको अवस्था छ ।

विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा देखिएका समस्याहरूका वारेमा नमुना छनौटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स.का पदाधिकारी, शिक्षक तथा अभिभावकहरूसँग गरिएको छलफल, प्रश्नावलीको उत्तर तथा अन्तर्वार्ताका क्रममा प्राप्त जानकारीका आधारमा विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा आइपरेका समस्याहरूलाई टेवलमा देखाएर निम्नानुसार चर्चा गरिएको छ ।

तालिका ११ : विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्याहरू

| क्र. स | भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्याहरू | उत्तरदाताहरू | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | वि.व्य.स. | | |
| १ | आर्थिक स्रोतको अभाव | ५ | ९ | ४ | १८ | ९०.० |
| २ | स्थानीय स्रोतसाधनको परिचालनमा कमी | ३ | ७ | ४ | १४ | ७०.० |
| ३ | योजना कार्यान्वयनमा तदारुकता नहुनु | २ | ५ | ३ | १० | ५०.० |
| ४ | विद्यालयमा हुने राजनीतिक खिचातानी | ३ | ६ | ४ | १३ | ६५.० |
| ५ | योजना अनुसार काम नहुनु | ४ | ५ | ३ | १२ | ६०.० |
| ६ | आवश्यकताको आधारमा आर्थिक स्रोत उपलव्ध नहुनु | ४ | ६ | ४ | १४ | ७०.० |
| ७ | स्थानीय निकायहरूको वेवास्था | ३ | ७ | ५ | १५ | ७५.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा आइपरेका समस्याहरूका वारेमा जानकारी लिदा सवैभन्दा वढी १८ जना अर्थात ९० प्रतिशतले आर्थिक स्रोतको अभाव नै प्रमुख समस्या रहेको वताएका छन् । यस्तो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ५ जना, शिक्षक ९ जना तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ४ जना रहेका छन् । स्थानीय स्रोत साधनको परिचालनमा कमी भएका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १४ जना अर्थात ७० प्रतिशतले

दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ३ जना, शिक्षक ७ जना तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् । योजना कार्यान्वयनमा तदारुकता नभएका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १० जना अर्थात ५० प्रतिशतले दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू २ जना, शिक्षक ५ जना तथा ३ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् ।

विद्यालयमा राजनीतिक खिचातानी हुने गरेका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १३ जना अर्थात ६५ प्रतिशतले दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ३ जना, शिक्षक ६ जना तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् । विद्यालयहरूमा योजना निर्माण हुने तर ती योजना अनुसार कार्यान्वयन नभएका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १२ जना अर्थात ६० प्रतिशतले दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ४ जना, शिक्षक ५ जना तथा ३ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् । आवश्यकताका आधारमा आर्थिक स्रोत उपलव्ध नभएका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १४ जना अर्थात ७० प्रतिशतले दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ४ जना, शिक्षक ६ जना तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् । स्थानीय निकायहरूले विद्यालयको भौतिक निर्माण कार्यमा वेवास्था गरेका कारण विद्यालयको भौतिक व्यवस्थापनमा समस्या भएको जानकारी उत्तरदाताहरू मध्ये १५ जना अर्थात ७५ प्रतिशतले दिएका छन् । सो धारणा व्यक्त गर्नेहरूमा विद्यालयका प्रधानाध्यापकहरू ३ जना, शिक्षक ७ जना तथा ५ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका छन् ।

विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा स्थानीय स्रोत साधनको प्रयोग र परिचालनको महत्वपूर्ण भूमिका हुन्छ । नमुना छनौटमा परेका विद्यालयहरूमध्ये केहि विद्यालयले केहिमात्रामा भएपनि स्थानीय स्रोत साधनहरूको प्रयोग गरेको पाइयो भने केहिले स्थानीय

स्रोत साधनको प्रयोग र परिचालन गरेको पाइएन । नमुना छनौटमा परेका सवै विद्यालयहरूले विद्यालयको विकास गर्नका निम्ति योजनाहरू निर्माण गरेको अवस्था पाइयो । योजना वनाउने तर कार्यान्वयन समयमा नगर्नु पनि भौतिक व्यवस्थापनको समस्याको रुपमा रहेको पाइयो । विद्यालयहरूले विगत वर्षहरूमा वनाएको विद्यालय सुधार योजनाको सही ढङ्गले कार्यान्वयन गरेको पाइएन । कञ्चनजंघा प्रा.वि. र ज्याति प्रा.वि.ले भने योजनामा तय गरिएका कार्यक्रमहरू मध्ये आधाजसो कार्यक्रमहरू कार्यान्वयन गरेको पाइयो । त्यसै भएकाले सो विद्यालयहरूको भौतिक व्यवस्थापनको अवस्था पनि अन्यको तुलनामा सन्तोषजनक रहेको पाइयो । सो दुई विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यालयका प्र.अ.हरूले योजनामा तय गरिएका कार्यक्रमहरूको कार्यान्वयनमा तदारुकताका साथ लागेर काम सम्पन्न गर्ने प्रयास गरेको पाइयो ।

हालका दिनमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया देखि नै राजनीतिक खिचातानी हुने गरेको पाइयो । एउटा राजनीतिक दलका मानिसहरूले व्यवस्थापन समिति गठन गरेपछि अन्य दलका मानिसहरूले उनीहरूले गर्न खोजेको काममा सहयोग गर्नुको सट्टा झन् अप्ट्यारो पार्ने प्रयास गरेको जानकारी पाइयो । अर्काले राम्रो काम गरेमा लोकप्रीय हुने डरले सो काममा वाधा उत्पन्न गर्ने गरेको पाइयो । विद्यालय भनेको सवैको साझा सम्पत्ति हो । त्यसैले यसको विकास सवै एकजुट भएर गर्नुपर्छ भन्ने भावनाको विकास नभएसम्म विद्यालयको भौतिक विकास राम्रोसँग हुने अवस्था पाइएन ।

योजना निमार्ण गर्ने तर योजना वमोजिम काम गर्ने परिपाटी नभएका कारण विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा समस्या उत्पन्न हुने गरेका जानकारी उत्तरदाताहरूले दिएका छन् । नमुना छनौटमा परेका सवै विद्यालयहरूले विद्यालयको सर्वपक्षिय विकास गर्ने उद्देश्यका साथ विद्यालय सुधार योजना निर्माण गरेको पाइयो । सो योजनामा विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखेको पाइयो । बिभिन्न विद्यालयको विद्यालय सुधार योजनाको अध्ययन गर्दा विद्यालय भवन, कक्षाकोठाको निर्माण गर्ने, कम्पाउण्ड वालको निर्माण गर्ने फर्निचरको पर्याप्त व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू समावेश गरिएको पाइएता पनि केहि कार्यक्रहरू वाहेक धेरै कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन । यसरी योजना अनुसार समयमा नै कार्यान्वयन नहुनुका पछाडि धेरै प्रकारका

कारणहरू रहेको जानकारी पाइयो । ती कारणहरूमा विद्यालय प्रसासन तथा विद्यालय व्यवस्थापन समितिका वीचमा तालमेल नहुनु, आवश्यक स्रोत जुटाउन पर्याप्त पहल नगर्नु, आर्थिक स्रोतको अभाव हुनु, बिभिन्न गैह्र सरकारी संघसस्थाहरू सम्मको पहुँच नहुनु लगायतका रहको पाइयो ।

सार्वजनिक विद्यालयको स्तर उन्नती गर्नका लागि सरकारले प्रत्येक आर्थिक वर्षमा आवश्यक वजेटको व्यवस्था गरेपनि सो वजेटको विनियोजन भने उपयुक्त तवरले हुन नसकेको गुनासो पाइयो । विद्यालयको आवश्यकताको मूल्याङ्कन गरी प्राथमिकता क्रमका आधारमा वजेटको व्यवस्था हुनु पर्नेमा त्यसो नभई शक्ति र पहुँचको आधारमा विद्यालयहरूलाई रकम उपलव्ध गराउने गरेको पाइयो । यसरी अत्यन्तै आवश्यकता भएका तर पहुँच नभएका विद्यालयहरूले भौतिक निर्माणका लागि खासै आर्थिक स्रोत प्राप्त गर्ने गरेको पाइएन । यसरी सरकारी निकायवाट नै  भेदभावपूर्ण तरिकाले वजेटको वितरण गर्दा पहुँच नभएका विद्यालयहरूमा भने कहिल्यै सुधारहुने अवस्था देखिदैन ।

विगत केहिसाल यतादेखि शिक्षालाई विकेन्द्रीकरण गर्ने उद्देश्यका साथ विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिदै आएको पाइन्छ । त्यसरी समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरूको अवस्था सन्तोषजनक नरहेको बिभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसको मुख्य कारण विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्रोतसाधनको अभाव नै हो । स्थानीय निकायहरूले पर्याप्त मात्रामा सहयोग नगरेका कारण यस्तो समस्या आउने गरेको जानकारी पाइन्छ । स्थानीय स्तरमा नै विद्यालयको व्यवस्थापन हस्तान्तवरण गर्ने अभ्यासका क्रममा विद्यालय सुधार योजना निर्माणमा स्थानिय सरोकारवालाहरूको प्रत्यक्ष सम्लग्नतामा योजना निर्माण र कार्यान्वयन गर्ने प्रयास गरिएको पाइन्छ । तर सो योजना निर्माण र कार्यान्वयनमा सरोकारवाला सवैको प्रत्यक्ष सम्लग्नता रहने गरेको पाइएन । स्थानीय स्तरमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघसस्थाहरूले समेत विद्यालयको भौतिक विकासमा खासै सहयोग गर्ने नगरेको जानकारी विद्यालयका प्रधानाध्यापकहरूले दिएका छन् । गा.वि.स. तथा जि.वि.स.ले समेत सामुदायीक विद्यालयको भौतिक विकासमा त्यति चासो राखेको पाइएन ।

यसरी विद्यालयहरूको भौतिक विकासका लागि धेरै प्रकारका समस्याहरू रहेको पाइयो । नियमित रुपमा आम्दानीको स्रोत नभएका कारण विद्यालयको मर्मत संभारमा नै कठिनाइ उत्पन्न भएको अवस्था पाइयो । अधिकाशं विद्यालयहरूले स्थानिय स्रोत साधनको परिचालन गर्न नसकेको पाइयो । विद्यालयको विकास तथा विस्तारका लागि बिभिन्न प्रकारका योजनाहरूको निर्माण हुने गरेको तर ती योजनाहरूको कार्यान्वयनमा भने ध्यान पुऱ्याउन नसकेको अवस्था छ । विद्यालयमा हुने अस्वस्थ प्रकारका राजनीतिक गतिविधिहरूले पनि भाैतिक  विकारसमा वाधा उत्पन्न गर्ने गरेको पाइयो । स्थानिय निकायहरूले विद्यालयको भौतिक विकासमा त्यति चासो नदिनु र सरकारी निकायहरूले पनि शक्ति र पहुँचका आधारमा आर्थिक स्रोत उपलव्ध गराउने गरेकाले विद्यालयको भौतिक पूर्वाधार निर्माणमा समस्या रहेको पाइयो ।

डुकरले भनेझैं उद्देश्यका आधारमा योजना निर्माण गर्ने र त्यही योजनाका आधारमा व्यवस्थापन गर्नु पर्नेमा त्यसो गर्न नसकेका कारणले केहि विद्यालयहरूको भौतिक स्रोत व्यवस्थापनमा कठिनाइ भएको पाइएको छ । केही विद्यालयहरूमा भने उद्देश्यका आधारमा व्यवस्थापन गरिएका कारण भौतिक स्रोतको व्यवस्थापन राम्रो देखिएको छ । त्यसैले यहाँ प्रयोग गरिएको सिद्धान्त आंशिकरुपमा मिलेको अवस्था छ ।

## ४.५ विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरू

नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा स्रोतव्यक्तिसँग गरिएको कुराकानी, छलफल, भराइएका प्रश्नावलीको उत्तर तथा अन्तर्वार्तावाट प्राप्त उत्तरका आधारमा विद्यालयको भौतिक स्रोतको व्यवस्थापन गर्दा आइपरेका समस्याहरूलाई समाधान गर्ने उपायहरूका वारेमा बिभिन्न प्रकारका सुझावहरू प्राप्त भएका छन् । ती सुझावहरूलाई टेवलमा देखाएर बुँदागत रुपमा निम्नानुसार चर्चा गरिन्छ ।

तालिका १२ : विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरू

| क.सं. | समस्या समाधानका उपायहरू | उत्तरदाताहरू | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | वि.व्य.स. | | |
| १ | कमजोर भौतिक अवस्था भएका विद्यालयहरूलाई आर्थिक स्रोत उपलव्ध गराउनु पर्ने | ३ | ८ | ४ | १५ | ७५.० |
| २ | स्थानीय स्रोतसाधनको परिचालनमा वृद्धि गर्नुपर्ने | ४ | ६ | २ | १२ | ६०.० |
| ३ | योजना कार्यान्वयनमा सवैको सहयोग जुटाउनु पर्ने | ३ | ७ | ४ | १४ | ७०.० |
| ४ | विद्यालयको काममा राजनीतिक पूर्वाग्रह राख्न नहुने | ४ | ८ | ३ | १५ | ७५.० |
| ५ | आवश्यकताका आधारमा सहयोग गर्नुपर्ने | ५ | ९ | ४ | १८ | ९०.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरूमा कमजोर भौतिक अवस्था भएका विद्यालयहरूलाई आर्थिक स्रोत उपलव्ध गराउनुपर्ने धारणा उत्तरदाताहरू मध्ये १५ जना अर्थात ७५ प्रतिशतको रहेको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरूमा ३ जना प्र.अ., ८ जना शिक्षक तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका छन् । स्थानीय स्रोत साधनहरूको परिचालनमा वृद्धि गरेर विद्यालयको भौतिक

अवस्थालाई सुधार गर्न सकिने धारणा उत्तरदाताहरू मध्ये १२ जना अर्थात ६० प्रतिशतको रहेको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरूमा ४ जना प्र.अ., ६ जना शिक्षक तथा २ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका छन् । विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा आइपरेका समस्याहरूको समाधान गर्नका निम्ति निर्माण गरिएका योजना कार्यान्वयनमा सवैको सहयोग जुटाउनु पर्ने धारणा उत्तरदाताहरू मध्ये १४ जना अर्थात ७० प्रतिशतको रहेको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरूमा ३ जना प्र.अ., ७ जना शिक्षक तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेको पाइयो ।

विद्यालयको काममा राजनीतिक पूर्वाग्रह राख्न नहुने धारणा उत्तरदाताहरू मध्ये १५ जना अर्थात ७५ प्रतिशतको रहेको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरूमा ४ जना प्र.अ., ८ जना शिक्षक तथा ३ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेको पाइयो । सहयोग गर्ने निकायहरूले विद्यालयको आवश्यकताको आधारमा सहयोग गर्ने परिपाटीको विकास गर्न सकेमा विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा उत्पन्न भएका समस्याको समाधान गर्न सकिने धारणा उत्तरदाताहरू मध्ये सवै भन्दा वढी १८ जना अर्थात ९० प्रतिशतको रहेको पाइयो । यसरी सो धारणा व्यक्त गर्नेहरूमा ५ जना प्र.अ., ९ जना शिक्षक तथा ४ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेको पाइयो ।

हाल संचालनमा रहेका अधिकांश विद्यालयहरूमा भौतिक पूर्वाधार पर्याप्त मात्रामा नरहेको पाइयो । विद्यालयको नियमित आर्थिक स्रोत नभएको र अन्य संघसंस्थाहरूले पनि पर्याप्त मात्रामा सहयोग नगरेका कारण पनि सो समस्या उत्पन्न भएको अवस्था छ । त्यसैले विद्यालयको भौतिक स्रोतको अवस्थाको मूल्याङ्कन गरी कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयहरूलाई आर्थिक स्रोत उपलव्ध गराउनु पर्ने भनाइ उत्तरदाताहरूको रहेको छ । जिल्ला शिक्षा कार्यालयले विद्यालयको आवश्यकताका आधारमा विद्यालय भवन, कक्षाकोठा, शौचालय लगायतका पूर्वाधारको विकासमा सहयोग पुऱ्याउनु पर्दछ ।

विद्यालयहरूले स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्नुपर्दछ । तर व्यवहारमा त्यसको सही रुपमा कार्यान्वयन नभएको पाइयो । स्थानीय स्रोतसाधनको रुपमा विद्यार्थीवाट उठाइएको शुल्क, चन्दा तथा गा.वि.स. र जि.वि.स.ले दिने अनुदान आदिको परिचालन गरेको र सो वाहेकका अन्य स्रोतहरूको प्रयोग र परिचालन भएको पाइएन । केहि

विद्यालयले त सो रकम पनि प्राप्त नगरेको अवस्था छ । यसरी स्थानीय स्रोत साधनको प्रयोग र परिचालनमा ध्यान पुग्न नसकेका कारण पनि विद्यालयहरूले भौतिक स्रोत व्यवस्थापन गर्न नसकेकाले स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा जोड दिनुपर्ने हुन्छ । स्थानीय स्रोतको पहिचान र परिचालन गर्न एक उपसमिति वनाएर स्थानीय स्रोतको सम्भाव्यताको खोजी गर्न सकेमा स्रोतसाधनको परिचालनको अवस्था वृद्धि गर्न सकिन्छ ।

नमुना छनौटमा परेका सवै विद्यालयहरूले भौतिक विकास गर्ने योजना वनाएका भएपनि आधाले पनि सो योजना कार्यान्वयन गर्न नसकेको जानकारी पाइएको छ । यसको प्रमुख कारण योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालहरू सवैले एकजुट भएर काम गर्न नसक्नु हो । विद्यालय व्यवस्थापन समितिले पनि सवैको सहभागिता जुटाउनमा खासै पहल गरेको पाइएन । यसरी सम्वन्धित पक्षले नै सवैको सहभागिता जुटाउन पहल नगरेकाले योजनाहरू कार्यान्वयन हुनुको सट्टा अलपत्र परेका छन् । विद्यालयहरूले भौतिक पूर्वाधार व्यवस्थापनको लागि स्थानीय अभिभावकहरू, चन्दा दाता, समाजसेवी, शिक्षाप्रमी, स्थानीय स्तरमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघसस्थाहरू सवैको सहभागितमा योजना वनाउने र कार्यान्वयन गर्नका लागि पनि सवैसँग साझेदारी गरी अगाडि वढ्नुपर्ने आवश्यकता छ । यसरी योजना निर्माण नै सवैको सहभातिमा गर्न सकिएमा सो योजना प्रति सवैको अपनत्वको भावनाको विकास हुने र कार्यान्वयन गर्न सवैपक्ष लाग्ने अवस्था सृजना हुन्छ ।

विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको निर्माण गर्ने क्रममा नै राजनीतिक पूर्वाग्रहको विकास हुने र सो पूर्वाग्रही भावना योजना कार्यान्वयनको तहसम्म रहने गरेको पाइयो । एक पक्षले राम्रो काम गरेमा उ लोकप्रीय हुने डरले अन्यपक्षले सो काममा सहयोग गर्नुको सट्टा विरोध गर्ने र जसरी पनि काम गर्न नदिने परिपाटीको विकास भएकाले विद्यालयको भौतिक व्यवस्थापनमा समस्या हुने गरेको छ । विद्यालय सवैको साझा चौतारी हो भन्ने भावनको विकास गरी सवै राजनीतिक दलहरूले एकआपसमा हातेमालो गरी विद्यालयको विकासमा लाग्नु जरुरी छ । विद्यालयमा सवै जातजाति, वर्ग, समुदाय, सम्प्रदाय, राजनीतिक दलका बालबालिकाहरू अध्ययन गर्ने भएकाले सवै मिली विद्यालयको भौतिक

व्यवस्थापनमा सहयोग गर्नसकेमा प्रभावकारी रुपले योजनाहरूको कार्यान्वयन गर्न सकिन्छ र विद्यालयलाई सुविधा सम्पन्न वनाउन सकिन्छ ।

सरकारी निकायहरूवाट विद्यालयहरूको विकासमा सहयोग गर्दा शक्ति र पहुँचको भरमा रकम वितरण गर्ने गरिएको गुनासो भौतिक पूर्वाधारको अवस्था कमजोर भएका विद्यालयहरूका प्र.अ.हरूले गरे । उनीहरूका अनुसार पर्याप्त भौतिक पूर्वाधारको अभाव भएको वारेमा पटक पटक सम्वन्धित निकायमा जानकारी गराई वजेटको माग गर्दा पनि रकम उपलव्ध हुन सकेको छैन । विद्यालयको व्यवस्थापन समितिमा उच्च शैक्षिक योग्यता र राम्रो राजनीतिक पहुँच भएका विद्यालयहरूमा भने भौतिक विकासको अवस्था सन्तोषजनक छ । त्यसको मुख्य कारण पहुँच नै भएको पाइयो । सर्वसाधारण मानिस विद्यालयको व्यवस्थापन समितिमा रहँदा उसले पर्याप्त मात्रामा सम्वन्धित निकायमा आवाज पुऱ्याउन नसक्ने भएकाले पनि सहयोग वाट वञ्चित हुनु परेको पाइयो । सरकारी निकायहरूले निरिक्षण तथा अनुगमन गरी पर्याप्त सुझवुझका साथ विद्यालयको आवश्यकताको आधारमा वजेट विनियोजन गनुपर्दछ । यसका साथसाथै कार्यान्वयनको अवस्थाको समेत अनुगमन तथा निरिक्षण गर्न सकेमा विद्यालयको भौतिक व्यवस्थापन राम्रो वनाउन सकिन्छ ।

टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा भनिए जस्तो संस्थामा कामगर्ने सरोकारवालाहरूका वीचमा मनमुटावको सट्टा एक आपसमा समझदारी, सहिष्णुता कायम गरी उद्देश्यमा केन्द्रीत भएर लागेमा अत्यधिक सफलता हासिल हुन्छ । विद्यालयको भौतिक व्यवस्थापनमा सरोकारवालहरूले जिम्मेवारी पुर्वक काम नगरेका कारण र एक आपसमा समझदारी कायम गरी काम गर्न नसकेकै कारण कतिपय विद्यालयहरूमा भौतिक व्यवस्थापन राम्रो नभएको अवस्था पाइयो । नमुना छनौटमा परेका मध्ये दुईवटा विद्यालयमा भने वैज्ञानिक व्यवस्थापनको सिद्धान्त नै काम गरेकाले तिनीहरूको व्यवस्थापन राम्रो भएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अनुसन्धानका क्रममा भेटिएका मुख्य-मुख्य प्राप्ति, ती पाइएका जानकारी तथा तथ्याङ्कका आधारमा निष्कर्ष निकालिएको छ। यसका साथसाथै आगामि दिनमा विद्यालयको भौतिक विकास र त्यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा पारेको प्रभावका सन्दर्भमा योजना वनाउन, नीतिगत व्यवस्था गर्न तथा अनुसन्धान गर्नका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ।

## ५.१ प्राप्ति

विद्यालयहरूको भौतिक स्रोत साधनको वर्तमान अवस्थामा विद्यालय अनुसार फरक फरक रहेको पाइयो। नमुना छनौटमा परेका विद्यालयहरू मध्ये कञ्चनजंघा नि.मा.वि र ज्याति प्रा.वि.को भौतिक स्रोतको अवस्था राम्रो रहेको पाइयो। ती विद्यालयहरूमा विद्यालय भवन, कक्षा कोठा, शौचालय, खेलमैदान, खानेपानी लगायतको अवस्था राम्रै पाइयो। तर शान्ती प्रा.वि.र सिंहदेवी प्रा.वि.को भौतिक स्रोत व्यवस्थापनको अवस्था दयनीय रहेको पाइयो। ती विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, शौचालय लगायतका भौतिक स्रोत साधनहरू पर्याप्त नभएको पाइयो। विद्यार्थीहरूको उमेर र शारीरिक अवस्था अनुसार उपयुक्त प्रकारका फर्निचरको व्यवस्था नभएको पाइयो। त्यसैगरी कक्षाकोठा अपर्याप्त हुनुका साथै आवश्यक मात्रामा झ्याल ढोका लगायतको व्यवस्था नभएकाले हिउँदमा जाडो हुने र वर्षातको समयमा पानीले अध्ययन कार्यमा वाधा उत्पन्न गरेको पाइयो। कक्षा कोठामा पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको व्यवस्था हुन नसकेको अवस्था भेटियो।

नमुना छनौटमा परेका पाँचवटै विद्यालयको औषत कक्षागत सिकाइ उपलब्धि सामान्य रहेको पाइयो। यी विद्यालयहरूको सिकाइ उपलब्धि ४३ देखि ४७ को औषतमा रहेको पाइयो। औषत सिकाइ उपलब्धि भन्दा वढी दुईवटा विद्यालयको, एउटा विद्यालयको लगभग औषतकै हाराहारीमा र अन्य दुईवटा विद्यालयको औषत भन्दा कम रहेको पाइयो। सवैभन्दा राम्रो कक्षागत सिकाइ उपलब्धि कञ्चनजंघा प्रा.वि.को र सवैभन्दा कमजोर कक्षागत सिकाइ उपलब्धि शान्ती प्रा.वि.को रहेको पाइयो।

विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई प्रभाव पर्ने तत्वहरू धेरै रहने गर्दछन् । विद्यालयमा भएको भौतिक साधन स्रोतको अवस्थाले बालबालिकाहरूको सिकाइलाई प्रभाव पार्दछ । विद्यालयमा पर्याप्त कक्षा कोठाको व्यवस्था नभएमा पठनपाठनमा वाधा उत्पन्न हुने गर्दछ । शिक्षकको योग्यता, कक्षामा उनीहरूले प्रयोग गर्ने शिक्षण विधि तथा सामग्री, विद्यार्थीहरूका अभिभावकहरूको आर्थिक अवस्था, उनीहरूको शिक्षा प्रतिको दृष्टिकोण, बालबालिकाहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीको उपलब्धता, विद्यार्थीहरूको मूल्याङ्कन गर्ने तरिका, विद्यार्थीहरू तथा शिक्षकहरूको नियमितता लगायतका कुराहरूले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने गरेको पाइन्छ ।

नमुना छनौटमा परेकामध्ये आधाभन्दा वढी विद्यालयहरूको भौतिक व्यवस्थापन राम्रो नरहेको पाइयो । भौतिक स्रोतको व्यवस्थापनमा बिभिन्न प्रकारका समस्याहरू रहने गरेको पाइयो । आर्थिक स्रोतको अभाव भएका कारण विद्यालयमा आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माणमा कठिनाई उत्पन्न भएको अवस्था पाइयो । विद्यालयसँग प्रत्यक्ष र परोक्षरुपमा सम्वन्धित सरोकारवालाहरूले विद्यालयको भौतिक व्यवस्थापन गर्नका निम्ति आवश्यक सरसहयोग नगरेका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको पाइयो । त्यसैगरी भौतिक पूर्वाधारको विकासका निम्ति पर्याप्त योजनाहरू वन्ने गरेको तर त्यसको कार्यान्वयन भने समयमा नभएका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको  पाइयो । विद्यालय व्यवस्थापन समिति निर्माण देखि विद्यालयमा हुने गरेका भौतिक संरचना निर्माणका क्रममा एक राजनीतिक दलले अर्को दलको खुट्टा तान्ने प्रवृत्तिले गदा पनि भौतिक निर्माणका कामहरू राम्रोसँग हुन नसकेको अवस्था पाइयो । सरकारी निकायवाट प्राप्तहुने रकम पनि आवश्यकताका आधारमा भन्दा पहुँच र भनसुनका आधारमा वितरण गर्ने परिपाटीका कारण पनि शक्ति र पँहुच नभएका विद्यालयहरूमा भौतिक निर्माणको काम त्यति राम्रोसँग हुन नसकेको अवस्था पाइयो । स्थानिय निकायहरूवाट समेत कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयकलाई आर्थिक स्रोत उपलव्ध गराएर सुविधा सम्पन्न वनाउने तर्फ खासै चासो नदेखाएको अवस्था पाइयो ।

विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्या निराकरणका उपायहरूका वारेमा उत्तरदाताहरूवाट प्राप्त प्रतिक्रियाहरूमा कमजोर अवस्था भएका विद्यालयहरूको

पहिचान गरी उनीहरूको भौतिक तथा शैक्षिक विकासमा सरकारी तथा गैह्न सरकारी निकायवाट प्रयास गरिनु पर्ने, विद्यालयसँग सम्वन्धित सम्पूर्ण सरोकारवालहरूले विद्यालयको विकासमा प्रत्यक्ष सम्लग्न भएर सहयोग गर्ने वातावरणको विकास गर्नु पर्ने, स्थानीय स्रोत साधनहरूको प्रयोग र परिचालनमा जोड दिनुपर्ने जस्ता पाइए । योजना निर्माणमा सरोकारवालाहरू सवैको सम्लग्नता गराई सो योजना कार्यान्वयनमा समेत तदारुकताकासाथ लाग्नुपर्ने, सरकारी निकायहरूले विद्यालयहरूलाई आवश्यकताका आधारमा सहयोग रकम उपलव्ध गराउनुका साथै, स्थानीय निकायहरूले कमजोर भौतिक अवस्था भएका विद्यालयहरूलाई भौतिक निर्माण कार्यमा सहयोग गरेमा हालका समस्याहरू समाधान हुने जानकारी पाइयो ।

## ५.२ निष्कर्ष

विद्यालयहरूमा पर्याप्त मात्रामा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, शैक्षिक सामग्री लगायतका भौतिक पूर्वाधारहरू नभएकाले ती विद्यालयहरूको भौतिक व्यवस्थापन कमजोर रहेको निष्कर्षमा पुगिएको छ । यसरी विद्यालय संचालनका लागि न्युनतम् आधारभूत आवश्यकता अन्तर्गत पर्ने कुराहरूको नै अभाव भएको अवस्थामा विद्यालयको अध्ययन अध्यापनक कार्य सुचरु गर्न कठिन हुने र सुचारु भएपनि त्यसवाट प्रप्तहुने परिणाम भने राम्रो आउदैन । विद्यार्थीहरूको सिकाइ उपलव्धिमा मुख्य रुपमा विद्यालयको भौतिक पूर्वाधारले नै प्रभाव पार्दछ । त्यसका अलावा शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोगको अवस्था, विद्यार्थीका अभिभावकको आर्थिक तथा शैक्षिक अवस्था, विद्यालय नियमितता लगायतका कुराहरूले पनि शैक्षिक उपलव्धिमा प्रभाव पार्दछ । केहि विद्यालयहरूको भौतिक व्यवस्थापनको अवस्था कमजोर रहेकाले ती विद्यालयहरूमा पर्याप्त पूर्वाधारको विकास गर्न सवैले क्रियाशील भएर योजना अनुसार कार्यान्वयन गर्नु पर्दछ ।

कमजोर भौतिक अवस्था भएका विद्यालयहरूको पहिचान गरी उनीहरूको भौतिक तथा शैक्षिक विकासमा सरकारी तथा गैह्न सरकारी निकायहरूवाट सहयोग जुटाउन प्रयास गरिनु पर्दछ । विद्यालयसँग सम्वन्धित सम्पूर्ण सरोकारवालहरूले विद्यालयको विकासमा प्रत्यक्ष सम्लग्न भएर सहयोग गर्ने वातावरणको विकास विद्यालय व्यवस्थापन समिति तथा

विद्यालयका प्रधानाध्यापकले गर्नुपर्दछ । त्यसो गर्न नसकिएमा सबैको साथ र सहयोग पाउने सम्भावना नरहन सक्छ फलस्वरुप भौतिक व्यवस्थापन सुधार्न सकिदैन । स्थानीय स्रोत साधनहरूको प्रयोग र परिचालनमा जोड दिनुपर्दछ । योजना निर्माण र कार्यान्वयनमा सरोकारवालाहरू सबैको सम्लग्नता गराउन सकिएमा सो योजनासमेत तदारुकताकासाथ लाग्नुपर्ने प्रयास गर्नु जरुरी छ । सरकारी निकायहरूले विद्यालयहरूलाई आवश्यकताका आधारमा सहयोग रकम उपलब्ध नगराइरहेको गुनासो पाइएकाले ती निकायहरूले आवश्यकताका आधारमा विद्यालयको भौतिक विकासमा सहयोग गर्नु पर्ने यदि त्यसो नगरेमा विद्यालयहरू माथि गरिएको पक्षपातपूर्ण व्यवहारकावारेमा माथिल्लो निकायमा जानकारी गराउनु पर्ने निष्कर्षमा शोधकर्ता पुगेको छ ।

यसरी समग्रमा भौतिक व्यवस्थापन कमजोर भएका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धि अन्य राम्रो व्यवस्थापन भएका विद्यालयहरूको भन्दा कमजोर पाइएकाले भौतिक व्यवस्थापनले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रत्यक्षरुपमा प्रभाव पार्ने निष्कर्षमा यो शोधकर्ता पुगेको छ । यसका साथै कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयहरूको भौतिक पक्षको वेलैमा सुधार गर्न नसकेमा त्यहाँ अध्ययनरत बालबालिकाहरू राम्रो र गुणस्तरीय शिक्षा लिने आफ्नो अधिकारवाट समेत वञ्चित हुने र उनीहरूको भविश्य समेत नकारात्मक असर पर्ने निष्कर्षमा शोधकर्ता पुगेको छ ।

## ५.३ सुझावहरू

प्राथमिक तहको भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा केन्द्रीत रहेर गरिएको अध्ययनवाट प्राप्त भएका मुख्य प्राप्ति र बिभिन्न तथ्याङ्क, जानकारी तथा सूचनाहरूको विश्लेषणवाट निकालिएको निष्कर्षका आधारमा विद्यालयको भौतिक व्यवस्थापन अझ राम्रोसँग गर्नका निम्ति निम्न अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

भौतिक पूर्वाधारको अभाव भएका विद्यालयहरूको सिकाइ उपलब्धि भौतिक अवस्था राम्रो भएका विद्यालयहरूको भन्दा कमजोर रहेको पाइएकाले तुरुन्तै भौतिक व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रसासनको संयुक्त पहलवाट स्रोतहरूको खोजी गर्न आवश्यक पहल गर्नुपर्ने दखिन्छ । विद्यालयको समग्र विकासको

योजना वनाउदा योजनामा समावेश कार्यक्रमहरूलाई वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले प्राथमिकीकरण गरी त्यसै अनुसार कार्यान्वयन गर्नु पर्दछ। स्थानीय स्रोतसाधनहरूको पहिचान गर्नका लागि सरोकारवालाहरू मध्येवाट एक उपसमिति वनाएर सम्भाव्य स्रोतसाधनहरूको खोजीगर्नु पर्दछ। यसरी पहिचान गरिएका स्रोत साधनहरूलाई परिचालन गर्नका लागि विद्यालय व्यवस्थापन समितिले पहल गर्नुपर्ने देखिन्छ। विद्यालयको आवश्यकताका आधारमा वजेटको विनियोजन नभएको गुनासाहरू पाइएकाले सम्वन्धित निकायहरूले विद्यालयको भौतिक पूर्वाधारको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकताका आधारमा वजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ।

# सन्दर्भ सामग्री

अधिकारी, विष्णुप्रसाद (२०६६), *शैक्षिक निरिक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : आशिष बुक्स हाउस ।

काफ्ले, नारायणप्रसाद (२०६७), *शिक्षक शिक्षा,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

काफ्ले, वासुदेव र पौडेल, गिरीराज (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : जुपिटर पव्लिकेसन एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, केदारप्रसाद (२०६५), *समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यलायहरुको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्षको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

थापा, राजेन्द्रप्रसाद (२०६४), *माध्यमिक तहमा कक्षाकोठा व्यवस्थापनको अवस्था,* (अप्रकाशित शोधपत्र) मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

नेपाल, जनार्दन (२०६४), *विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिता,* नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना, काठमाडौ : चन्द्रवती नेपाल ।

नेपाल, विमल (२०६६), *प्राथमिक तहमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापन,* (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रि.वि., शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

पाठक, हरीवहादुर (२०६५) *आर्थिक तथा भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभाव,* (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय ।

भट्टराई, कमलप्रसाद (२०६५), *विद्यालयको स्रोत व्यवस्थापन,* (अप्रकाशित शोधपत्र) काठमाडौं : महेन्द्ररत्न क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षा योजना,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, ।

शर्मापौडेल, जीवन (२०५९), *नेपालको सन्दर्भमा विद्यालय आधारित व्यवस्थापन,* काठमाडौं : सेरिड ।

शिक्षा विभाग (२०६१), *विद्यालय सुधार योजना सहयोगी पुस्तिका,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६६), *सामुदायिक विद्यालयमा सामुदायिक सहयोगको प्रभावकारीता,* भक्तपुर : लेखक ।

Best, J.W. & Kahn, J.V. (2008).*Research in Education* (10th ed.). Delhi: Prentice  Hall of India.

Koul, L. (1997). *Methodology of Educational Research(3rd ed.).* New Delhi: Vikash Publication House.

# भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची १

## प्र.अ.का लागि प्रश्नावली

विद्यालयको नाम :

प्र.अ.को नाम :

निम्न प्रश्नको उत्तर दिई सहयोग गरिदिनुहोला ।

१ तपाइँ विद्यालयको प्र.अ. हुनुभएको कतिवर्ष भयो ?

२ तपाइँको विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्था कस्तो रहेको छ ?

क) राम्रो □ ख) काम चलाउ □

ग अन्य □

३ विद्यालयमा पर्याप्त कक्षाकोठा छन् ?

क) छन् □ ख) पर्याप्त छैनन् □ ग) अन्य □

४ तपाइँको विद्यालयमा शौचालय कतिवटा छन् ?

क) १ वटा □ ख) २ वटा □ ग) ३ वटा □

५ एउटा वेञ्चमा कति जना विद्यार्थीहरु वस्छन् ?

क) ३ जना □ ख) ४ जना □

ग) ५ जना □ घ) २ जना □

६ विद्यालयको भौतिक पूर्वाधारको निर्माणमा कुन-कुन निकाय तथा संस्थावाट सहयोग पाउनुभएको छ ?

७ भौतिक पूर्वाधार र विद्यार्थीहरुको सिकाइ उपलब्धि वीचमा कस्तो सम्वन्ध रहेको हुन्छ ?

८ विद्यालयको भौतिक निर्माणमा गा.वि.स.ले सहयोग गरेको छ ?

क) गरेको छ ☐ ख) गरेको छैन ☐

ग) अलिअलि गरेको छ ☐ घ) अन्य ☐

९ शिक्षकले शैक्षिक सामग्री कक्षामा लगेर कहाँ राख्छन् ?

क) विद्यार्थीको डेक्समा ☐ ख) भूईँमा ☐

ग) टेवुलमा ☐ घ) भ्यालमा ☐

१० भौतिक साधनले विद्यार्थीको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्दछ ?

११ विद्यार्थीको सिकाइ उपलब्धिमा कुन-कुन कुराले प्रभाव पार्दछ ?

१२ विद्यालयको भौतिक व्यवस्थापनमा स्थानीय स्रोत साधानलाई कसरी परिचालन गरिएको छ ?

१३ पर्याप्त भौतिक पूर्वाधार निर्माणमा के कस्ता समस्याहरु रहेका छन् ?

१४ विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

# भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची २

## शिक्षकका लागि अन्तर्वार्ता सूची

विद्यालयको नाम :

शिक्षकको नाम :

१ तपाइँको विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्था कस्तो रहेको छ ?

क) राम्रो □ ख) काम चलाउ □

ग) अपर्याप्त □

२ विद्यालयमा पर्याप्त कक्षाकोठा छन्

क) छन् □ ख) पर्याप्त छैनन् □ ग) अन्य □

३ तपाइँको विद्यालयमा शौचालय कतिवटा छन्

क) १ वटा □ ख) २ वटा □ ग) ३ वटा □

४ एउटा वेञ्चमा कति जना विद्यार्थीहरु वस्छन् ?

क) ३ जना □ ख) ४ जना □ ग) ५ जना □

५ विद्यालयको भौतिक पूर्वाधारको निर्माणमा कुन-कुन निकाय तथा संस्थावाट सहयोग पाउनुभएको छ ?

क) सरकारी □ ख) गैह्र सरकारी □

ग) स्थानीय निकाय □ घ) अन्य □

६ भौतिक पूर्वाधार र विद्यार्थीहरुको सिकाइ उपलब्धि वीचमा कस्तो सम्वन्ध रहेको हुन्छ ?

७ विद्यालयको भौतिक निर्माणमा गा.वि.स.ले सहयोग गरेको छ ?

क) गरेको छ □ ख) गरेको छैन □

ग) अलिअलि गरेको छ □ घ) अन्य □

८ तपाइँहरु शैक्षिक सामग्री कक्षामा लगेर कहाँ राख्नुहुन्छ ?

| | | | |
|---|---|---|---|
| क) विद्यार्थीको डेक्समा | □ | ख) भूइँमा | □ |
| ग)टेवुलमा | □ | घ) झ्यालमा | □ |

९ भौतिक साधनले विद्यार्थीको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्दछ ?

१० विद्यालयको भौतिक व्यवस्थापनमा स्थानीय स्रोत साधानलाई कसरी परिचालन गरिएको छ ?

११ पर्याप्त भौतिक पूर्वाधार निर्माणमा के कस्ता समस्याहरु रहेका छन् ?

१२ विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

# भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ३

## वि.व्य.स. पदाधिकारीका लागि अन्तर्वार्ता सूची

विद्यालयको नाम :

शिक्षकको नाम :

१ तपाइँको विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्था कस्तो रहेको छ ?

क) राम्रो □ ख) काम चलाउ □

ग) अपर्याप्त □

२ विद्यालयमा पर्याप्त कक्षाकोठा छन् ?

क) छन् □ ख) पर्याप्त छैनन् □ ग) अन्य □

३ तपाइँको विद्यालयमा शौचालय कतिवटा छन् ?

क) १ वटा □ ख) २ वटा □ ग) ३ वटा □

४ विद्यालयको भौतिक पूर्वाधारको निर्माणमा कुन-कुन निकाय तथा संस्थावाट सहयोग पाउनुभएको छ ?

क) सरकारी □ ख) गैह्र सरकारी □

ग) स्थानीय निकाय □ घ) अन्य □

५ भौतिक पूर्वाधार र विद्यार्थीहरुको सिकाइ उपलब्धि वीचमा कस्तो सम्वन्ध रहेको हुन्छ ?

६ विद्यालयको भौतिक निर्माणमा गा.वि.स.ले सहयोग गरेको छ ?

क) गरेको छ □ ख) गरेको छैन □

ग) अलिअलि गरेको छ □ घ) अन्य □

७ भौतिक साधनले विद्यार्थीको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्दछ ?

८ विद्यालयको भौतिक व्यवस्थापनमा स्थानीय स्रोत साधानलाई कसरी परिचालन गरिएको छ ?

९ पर्याप्त भौतिक पूर्वाधार निर्माणमा के कस्ता समस्याहरु रहेका छन् ?

१० विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

# भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ४

## स्रोतव्यक्तिका लागि अन्तर्वार्ता सूचि

स्रोतकेन्द्रको नाम :

स्रोतव्यक्तिको नाम :

निम्न प्रश्नको उत्तरहरु दिई सहयोग गरिदिनुहोला ।

१ तपाइँको स्रोतकेन्द्रमा विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्था कस्तो रहेको छ ?

क) राम्रो □ ख) काम चलाउ □

ग अन्य □

२ तपाइँको स्रोतकेन्द्र भित्रका विद्यालयहरुमा शौचालयको अवस्था कस्तो छ ?

क) राम्रो □ ख) काम चलाउ □

ग अन्य □

३ भौतिक पूर्वाधार र विद्यार्थीहरुको सिकाइ उपलब्धि वीचमा कस्तो सम्वन्ध रहेको हुन्छ ?

४ विद्यालयहरुको भौतिक निर्माणमा गा.वि.स.ले सहयोग गरेको छ ?

क) गरेको छ □ ख) गरेको छैन □

ग) अलिअलि गरेको छ □ घ) अन्य □

५ भौतिक साधनले विद्यार्थीको सिकाइ उपलब्धिमा कसरी प्रभाव पार्दछ ?

६ विद्यालयको भौतिक व्यवस्थापनमा स्थानीय स्रोत साधानलाई कसरी परिचालन गरिएको छ ?

७ विद्यार्थीको सिकाइ उपलब्धिमा कुन-कुन कुराले प्रभाव पार्दछ ?

८ विद्यालयहरुमा पर्याप्त भौतिक पूर्वाधार निर्माणमा के कस्ता समस्याहरु रहेका छन् ?

९ विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ५

## विद्यालयको भौतिक स्रोत साधनहरुको वर्तमान अवस्था

## अवलोकन फारम

| क.स. | शीर्षक | भौतिक स्रोत साधनहरुको अवस्था | | | | कैपियत |
|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | न्युन | |
| १ | विद्यालय भवन | | | | | |
| २ | कक्षा कोठा | | | | | |
| ३ | फर्निचर | | | | | |
| ४ | शौचालय | | | | | |
| ५ | खानेपानी | | | | | |
| ६ | खेल मैदान | | | | | |
| ७ | खेल कुद साम | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग्री | | | | | |
| ८ | चमे<br>ना<br>गृह | | | | | |
| ९ | शैक्षि<br>क<br>साम<br>ग्री | | | | | |

# अनुसूची ६

## अध्ययनको नमुना र नमुना छनोट विधि

| क्र.सं | विवरण | नमुना | नमूना छनौट विधि |
|---|---|---|---|
| १ | स्रोतकेन्द्र र स्रोत व्यक्ति | १ | उद्देश्यमूलक नमुना छनोट विधि |
| २ | विद्यालय | ५ | सुविधाजनक  नमुना छनोट विधि |
| ३ | प्र.अ. | ५ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ४ | शिक्षक | १० | सामान्य संभावनायुक्त विधि |
| ५ | विद्यार्थी | १० | सामान्य संभावनायुक्त विधि |

भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ७

## नमुना छनौटमा परेकाहरुको नामावली

| क्र. स. | नामावली | पद | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | सुरेन्द्र कु. राई | प्र.अ. | आई. एड. | सिंहदेवी |
| २ | मातृका प्र. नेपाल | प्र.अ. | वि.कम्., वि.एड्. | कञ्चनजंघा |
| ३ | भक्ति प्र. रिजाल | प्र.अ. | आई. एड. | ज्योति |
| ४ | देव कुमार दाहाल | प्र.अ. | आई. एड. | शान्ती |
| ५ | भक्ति प्र. पौडेल | प्र.अ. | आई. एड. | नवदुर्गे |
| ६ | पुस्पराज दाहाल | शिक्षक | आई. एड. | सिंहदेवी |
| ७ | लक्ष्मिप्रसाद घिमिरे | शिक्षक | आई. एड. | सिंहदेवी |
| ८ | राजेन्द्र विश्वकर्मा | शिक्षक | एस.एल.सी. | कञ्चनजंघा |
| ९ | कविता मावो | शिक्षक | +२ | कञ्चनजंघा |
| १० | इश्वर प्र. कोइराला | शिक्षक | आई. एड. | नवदुर्गे |

| | | | | |
|---|---|---|---|---|
| ११ | देवीप्रसाद सापकोटा | शिक्षक | आई. ए. | नवदुर्गे |
| १२ | तारादेवी वास्तोला | शिक्षक | वि.एड. | शान्ती |
| १३ | विष्णु प्र. भट्टराई | शिक्षक | आई. एड. | शान्ती |
| १४ | यामप्रसाद दंगाल | शिक्षक | आई. एड. | ज्योति |
| १५ | इन्दिरा दाहाल | शिक्षक | आई. ए. | ज्योति |
| १६ | प्रदिप सुव्वमा | विद्यार्थी | | सिंहदेवी |
| १७ | इन्दिरा पौडेल | विद्यार्थी | | सिंहदेवी |
| १८ | सुमन परियार | विद्यार्थी | | कञ्चनजंघा |
| १९ | सुरज सोरेन | विद्यार्थी | | कञ्चनजंघा |
| २० | निरज राई | विद्यार्थी | | नवदुर्गे |
| २१ | मिलन वस्नेत | विद्यार्थी | | नवदुर्गे |
| २२ | केवल खड्का | विद्यार्थी | | शान्ती |
| २३ | संझना वि.क. | विद्यार्थी | | शान्ती |
| २४ | राजन दंगाल | विद्यार्थी | | ज्योति |
| २५ | दिलिप मर्डी | विद्यार्थी | | ज्योति |
| २६ | धनवहादुर सुव्वा | अध्यक्ष | साक्षर | कञ्चनजंघा |
| २७ | वमविक्रम लावती | अध्यक्ष | साक्षर | सिंहदेवी |
| २८ | राम प्र. | अध्यक्ष | निरक्षर | ज्योति |

| | | | | |
|---|---|---|---|---|
| | मावो | | | |
| २९ | सुरेन कार्की | अध्यक्ष | आई. एड. | शान्ती |
| ३० | राम व. डागी | अध्यक्ष | एस.एल. सी. | नवदुर्गे |
| ३१ | सुर्यप्रसाद सापकोटा | स्रोतव्यक्ति | एम.एड. | तोपगाछी स्रोतकेन्द्र |